# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष १०  अंक ९३  काठमाडौं  मंगलबार, ९ साउन २०८०  Prabhab National Daily  Tuesday, July 25, 2023  www.prabhabonline.com  पृष्ठ ८  मूल्य रु. ५|-


# संघको छायामा प्रदेश

● प्रदेशको स्वतन्त्रता खोसिएको टिप्पणी ● संघले प्रशासनिक एकाइ मान्दा प्रदेश प्रभावित

■ जेबी योञ्जन

**काठमाडौं–** संघीय शासन प्रणालीमा संघ र प्रदेश स्वतन्त्र रहन्छन् । दुवै तहको अधिकार सूची र क्षेत्राधिकार संविधानमै किटान गरिएको छ । तर, हालको अभ्यासमा प्रदेशहरू स्वतन्त्र छैनन् । संघमा हुने राजनीतिको सीधा प्रभाव प्रदेशमा पर्ने गरेको छ ।

शुक्रबार र शनिबार काठमाडौंको चन्द्रागिरीमा संघीय र सातै प्रदेशका सभामुख/उपसभामुख र राष्ट्रिय सभा अध्यक्ष/उपाध्यक्षको भेलाले यसलाई अनुचित ठहर गरेको छ । उनीहरूका अनुसार संघीय संसद्मा हुने राजनीतिक फेरबदलका कारण प्रदेशसभा

> प्रदेशहरु स्वतन्त्र ढंगले निर्णय लिनसमेत नसक्ने अवस्थामा पुगे । काठमाडौंमा पानी पर्दा बुटवलमा छाता ओढ्ने प्रवृत्ति कहिलेसम्म ?
>
> ■ **तुलाराम घर्ती मगर**
> **सभामुख, लुम्बिनी प्रदेश**

प्रभावित हुनु ठीक होइन । यसलाई निरुत्साहित गर्न केन्द्रीय प्रभावबाट मुक्त हुने वातावरणका लागि उनीहरूले पहल गर्ने भएका छन् ।

भेलामा केन्द्रीय राजनीतिको प्रभाव प्रदेशमा परेकोसम्बन्धी एजेण्डा उठान गर्ने सभामुख लुम्बिनीका हुन् । सभामुख तुलाराम घर्ती मगरले संघीय सत्ता परिवर्तनको असर प्रदेशमा परेको भनी भेलामा विषय प्रवेश गराएका थिए । 'प्रदेशहरू स्वतन्त्र ढंगले निर्णय लिनसमेत नसक्ने अवस्थामा पुगे । यसमा हामी के निष्कर्ष निकाल्छौं ?,' उनको प्रश्न थियो, 'काठमाडौंमा पानी पर्दा बुटवलमा छाता ओढ्ने प्रवृत्ति कहिलेसम्म ?'

गत १० पुसमा नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालको नेतृत्वमा एमालेसहितको सात दलीय गठबन्धन सरकार संघमा गठन भएको थियो । सोहीअनुसार सातै प्रदेशमा माओवादी, एमालेसहित तत्कालीन गठबन्धनका दलहरू सम्मिलित सरकार गठन भए । सभामुख/उपसभामुखको निर्वाचन भयो । तर, जब कांग्रेससहितको गठबन्धन सरकार पछिल्लो समय संघमा गठन भयो । यसपछि सत्ता समीकरण बदलियो । त्यसको सीधा असर प्रदेश सरकारहरूमा पऱ्यो । अर्थात्, एमालेसहितका केही दल प्रदेश सरकारबाट अलग भए । कांग्रेससहितका दलहरू सत्तामा आए ।

यसले केन्द्रीय राजनीतिका कारण अस्थिरताको केन्द्र प्रदेश बनेको अर्थमा लुम्बिनीका सभामुख घर्तीले असन्तुष्टि जनाएका हुन् । घर्तीको जस्तै गुनासो कोशी प्रदेशका सभामुख बाबुराम गौतमको पनि सुनियो । उनले भने, 'केन्द्रको राजनीतिक प्रभाव कोशी प्रदेशमा पनि परेको छ । केन्द्रमा सरकार परिवर्तन हुँदा प्रदेशमा पनि भइरहेको छ ।'

संघीय सरकारमा भएको फेरबदलको असर कोशीमा सबैभन्दा पछि देखापरेको हो । त्यहाँका मुख्यमन्त्री हिक्मतकुमार कार्की अघिल्लो महिनामात्रै सत्ताच्युत भएका हुन् । जबकि, बागमती, (बाँकी पृष्ठ २ मा)

## 'एकात्मक राज्य संयन्त्रको प्रभाव हटेन'

**कृष्णप्रसाद धिताल**
सभामुख, गण्डकी प्रदेश



**प्रदेश संसदहरू के स्वतन्त्र छैनन् ?**

कानुनी रूपले हामी स्वायत्त छौं । स्वतन्त्र छौं । तर, हाम्रो नेपालको राजनीतिक संरचना जसरी बनेको छ नि, केन्द्रको छाया तल (प्रदेशमा) परिहाल्दोरहेछ । सभामुख, मुख्यमन्त्री र अन्य सांसदहरू सबै दलको सिफारिसमा निर्वाचित भएका छन् । ती सबैले दलीय मर्यादालाई पालना गर्नैपऱ्यो । आ-आफ्ना मातृ दलसँग त छलफल हुने नै भए । फेरि, हिजो राज्य संयन्त्र एकात्मक थियो । त्यसैको प्रभाव पनि होला ।

**केन्द्रको छत्रछाया प्रदेशमा पर्दा के असर पऱ्यो प्रदेशलाई ?**

त्यस्तो असर त होइन । तै पनि सरकार फेरबदल हुँदा माथि (संघमा) (बाँकी पृष्ठ २ मा)

# देउवाविरुद्ध महामन्त्रीद्वय एकजुट

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाविरुद्ध दुई महामन्त्री एकै ठाउँमा उभिएका छन् । जारी केन्द्रीय समितिमा पार्टीका अधिकांश पदाधिकारी र केन्द्रीय सदस्यहरूले देउवाको प्रशंसा र दुई महामन्त्रीको आलोचना गरेपछि गगन थापा र विश्वप्रकाश शर्मा एकै ठाउँमा उभिएका हुन् ।

महामन्त्री गगन थापाले पार्टीले कांग्रेसमा 'एक्जिट पोलिसी' अति आवश्यक भइसकेको उल्लेख गर्दै देउवालाई पार्टीबाट बिदा लिनसमेत आग्रह गरे । '०८२ सालमा जसरी पनि महाधिवेशन गर्नुपर्छ । पार्टीमा नेतृत्वमा परिवर्तन किन उठाएको भन्ने कुरा उठ्यो । नेतृत्व परिवर्तन असहज भएकाले पार्टीहरू संकटमा छन् । एक्जिट पोलेसी छैन,' महामन्त्री थापाले भने, 'त्यसकारण हाम्रो पार्टी जमेको पोखरीजस्तो बनेको छ । पुरानो पार्टीमा ३५ वर्षदेखि एउटै नेतृत्व हुँदा संकटमा परेका छन् । यसमा मेरो पहल रहन्छ ।'

आफू संसदीय दलको नेता परिवर्तन गर्ने मुद्दामा लागिरहने थापाले प्रस्ट पारे । 'मैले संसदीय दलको नेता परिवर्तनका लागि प्रयास गरें । तर सकिनँ । यो प्रयास गर्ने कि नगर्ने ? संसदीय दलको नेता परिवर्तन गर्ने कुरा विधानले दिन्छ । मलाई थाहा छ गाह्रो छ । सांसदको मत पाउने गाह्रो छ,' थापाले भने, 'गाह्रो काम छाड्न हुँदैन । एक-दुई महिनामा सभापतिले ल यार म किन हुने, कोही हुने हो, आऊ भन्नुभयो भने झन् राम्रो हुन्छ । म नै हुनुपर्छ भन्ने होइन । साथीहरू किन आत्तिनुभएको ? मैले पार्टी फेर्ने कुरा गरेको हो र ? दलको नेतामात्रै फेर्न खोजेको हो । म बदल्न लागिरहन्छु, सके बदल्छु, नसके चुप लागेर बस्छु ।'



> साथीहरु किन आत्तिनुभएको ? मैले पार्टी फेर्ने कुरा गरेको हो र ? दलको नेतामात्रै फेर्न खोजेको हो । म बदल्न लागिरहन्छु, सके बदल्छु, नसके चुप लागेर बस्छु ।
>
> ■ **गगन थापा**
> **महामन्त्री**



> कांग्रेसमा 'एज' होइन 'एजेण्डा'को कुरा प्रधान हो । तर, 'एक्जिट पोलेसी' आवश्यक छ । त्यो भयो भने छाड्नुस् सभापतिजी भनिरहन परेन ।
>
> ■ **विश्वप्रकाश शर्मा**
> **महामन्त्री**

महामन्त्री थापाले नेपालीलाई भुटानी शरणार्थी बनाएर अमेरिका पठाउने प्रकरणमा पक्राउ परेका कांग्रेस केन्द्रीय सदस्य बालकृष्ण खाणलाई निलम्बन गर्नसमेत माग गरे ।

'भ्रष्टाचारको कुनै जात लिंग हुँदैन । नेपाली कांग्रेसले सरकारले अघि बढाएका कुरामा साथ दिनुपर्छ । कांग्रेस भएका कारण कुनै पनि व्यक्तिले छुट पाउन हुँदैन र कसैले अतिरिक्त भार बोक्नुहुँदैन । यदि कोही नेता अभियुक्त हुन्छ भने उसले पार्टी जिम्मेवारीबाट अलग भएको घोषणा गर्नुपर्छ,' गगनले भने, 'होइन भने फौजदारी अभियोग लागेकालाई फैसला नहुञ्जेल निलम्बन गर्नुपर्छ । निलम्बन भनेको कारबाही होइन ।' पार्टीमा अधिकांश नेताहरूले खाणलाई जोगाउने पक्षमा मत राखेका थिए ।

अर्का महामन्त्री शर्मा पार्टीमा 'एक्जिट पोलिसी' हुनुपर्ने उल्लेख गर्दै गगनको पक्षमा उभिए । आफूलाई आएको आलोचना सहर्ष स्वीकार गर्दै पार्टीमा सुधारको खाँचो रहेको उनको तर्क रह्यो । 'महामन्त्रीका कमजोरीका विषयमा उठेका विषय आत्मसात् गर्छु,' शर्माले भने । राजनीतिमा एक्जिट पोलिसी आवश्य रहेको उल्लेख गर्दै शर्माले उमेरभन्दा एजेण्डाको विषयमा ध्यान दिनुपर्ने धारणा राखे । 'राजनीतिको रूपान्तरणका लागि एक्जिट पोलिसी आवश्यक देखियो । त्यो भएको भए सभापतिजी धेरै वर्ष रिटायर्ड हुनुहुन्थ्यो,' शर्माले भने, 'कांग्रेसमा एज होइन एजेण्डाको कुरा प्रधान हो । तर, एक्जिट पोलेसी आवश्यक छ । त्यो भयो भने छाड्नुस् सभापतिजी भनिरहन पर्दैन ।'

शर्माले खाण जोगाउन कांग्रेस लागेको जनताले देखेकोले अनुसन्धानलाई सघाउ पुऱ्याउनुपर्ने धारणा राखे । 'भ्रष्टाचारविरुद्धको फाइल खुलेका छन् । व्यक्ति को परे को पर्दै छन् भन्ने कुरा फरक हो । फाइल खुल्ने तागतका पछि कांग्रेस छ । अख्तियार कसले गठन गऱ्यो । भ्रष्टाचारका फाइल खुल्नुको तागत कांग्रेस हो भन्ने कुराको जस किन नलिने ?,' शर्माले भने, 'हामीले बनाएको कानुनअनुसार हाम्रै (बाँकी पृष्ठ २ मा)

## शेखरलाई खड्का र विश्वप्रकाशको जवाफ

कांग्रेस केन्द्रीय समिति बैठकमा संस्थापनइतरका नेता डा. शेखर कोइरालालाई कार्यवाहक प्रधानमन्त्रीसमेत रहेका उपसभापति पूर्णबहादुर खड्काले समाजवादी मोर्चाबारे जानकारी दिएका छन् । खड्काले मोर्चा कांग्रेसलाई जानकारी दिएर बनेको दाबी गरे ।

'अहिले समाजवादी मोर्चाको बारेमा कुरा उठेको छ । जुन दिन गठबन्धन भत्किएको पुनःस्थापित गर्ने बैठक बालुवाटारमा भयो । चार नेताको बीचमा जे खालका सहमति भए । त्यही सन्दर्भमा तीन दलको मोर्चा बनाउँछौं भनेर तीन दलबीचमा समाजवादी मोर्चा बनाउने कुरा भएको हो । पछि विप्लवजी थपिनुभएको हो,' खड्काले भने । बुधबारको केन्द्रीय समितिमा शेखरले माओवादी केन्द्रसहित जनता समाजवादी पार्टी, एकीकृत समाजवादी पार्टी मिलेर बनेको मोर्चाबारे प्रश्न गरेका थिए । (बाँकी पृष्ठ २ मा)

**सन्दर्भ : वैदेशिक रोजगार**

# घरेलु श्रममा जान लगाइएको बन्देज हटाउन माग



■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारले विगत सात वर्षदेखि वैदेशिक रोजगारीका लागि घरेलु श्रममा विदेश जान लगाएको बन्देज खुलाउनुपर्ने माग बढ्न थालेको छ । वैदेशिक रोजगार व्यवसायीहरूले लामो समयदेखि घरेलु श्रमका लागि नेपालीहरूलाई पठाउन बन्देज खुलाउनुपर्ने माग गर्दै आएकोमा अन्य संघसंस्थाले पनि आवाज उठाउन थालेका छन् ।

राष्ट्रिय महिला आयोग र पौरखी नेपालको संयुक्त आयोजनामा राजधानीमा भएको नेपाली आप्रवासी महिलाको विद्यमान समस्या विषयक छलफलमा सहभागी वक्ताहरूले वैदेशिक रोजगारका क्रममा घरेलु श्रममा जान लगाइएको बन्देज खुलाउनुपर्ने माग गरेका छन् । आयोगकी सदस्य कृष्णकुमारी पौडेल खतिवडाले घरेलु श्रम गर्न वैदेशिक रोजगारीमा जान चाहने महिलालाई सरकारले बन्देज लगाउन नहुने बताइन् ।

'घरेलु श्रमका लागि वैदेशिक रोजगारीमा जाने महिलाहरू सबै असुरक्षित छन् भन्ने ढंगले व्याख्या गर्ने गरिन्छ,' उनले भनिन्, 'बरु पछिल्लो समय बन्देजका कारण गैरकानुनीरूपमा जाने नेपाली महिलाहरूको संख्या बढ्दो छ, यसले जोखिम निम्त्याएको छ ।' घरेलु श्रममा जान महिलाहरूलाई बन्देज लगाउनुमात्रै सुरक्षाको विकल्प नभएको भन्दै यसलाई अविलम्ब हटाउनुपर्ने उनको भनाइ छ । पौडेलले बन्देज खोल्ने विषयमा सबै सरोकारवाला निकायबीच छलफल गर्न आयोगले अग्रसरता लिने पनि बताइन् । उनले महिलाको अधिकारका विषयमा महिला आयोग बोल्ने बताइन् ।

पौरखी नेपालकी रणनीतिक सल्लाहकार मञ्जु गुरुङले घरेलु श्रमका लागि विदेश जान नेपाली महिलालाई लगाइएको बन्देज तत्काले हटाउनुपर्ने माग गरिन् । उनले बन्देज हटाउन विभिन्न सरोकारवाला निकायसँग सकारात्मक छलफल भए पनि नतिजा आउन नसकेको बताइन् । 'महिलालाई जहिल्यै पनि दयाको पात्र बनाउने काम भएको छ,' गुरुङले भनिन्, 'दया देखाउने र विभेद गरेकै कारण आर्थिक अभावमा पिल्सिएका महिलाहरू सरकारले बन्देज लगाए पनि अवैध बाटो प्रयोग गरी खाडी मुलुक पुगेका छन् ।'

साक्षरता र आर्थिकरूपमा सवल नभएका महिलाहरू बाध्यतावस घरेलु श्रममा विदेश जानुपर्ने अवस्था रहेको गुरुङले बताइन् । घरेलु श्रमका लागि गैरकानुनी रूपमा जान रोक्नुपर्ने बताउँदै उनले अविलम्ब श्रम स्वीकृति लिएर जाने व्यवस्था मिलाउन सरकारसँग माग गरिन् । बन्देजका कारण मानव तस्करी बढ्नुका साथै पूर्वप्रस्थान अभिमुखीकरण तालिमको अभावमा महिलाहरूले गन्तव्य मुलुकमा अप्ठ्यारोमा पर्दा सेवा लिन नपाउँदा थप जोखिम देखिएको उनले दाबी गरिन् ।

यसैगरी नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष राजेन्द्र भण्डारीले ठूलो रकम धरौटी राखेका व्यवसायीहरूले सम्पूर्ण प्रक्रिया पूरा गरेर घरेलु श्रममा पठाउँछु भन्दा पनि सरकारले अप्ठ्यारो पारिरहेको बताए । व्यवसायीले सम्पूर्ण जिम्मेवारी लिएर महिलाहरूलाई नीति निर्माण तहमा नै छलफल गरी घरेलु श्रममा पठाउन खोज्दा पनि परिणाम नआएको बताए । वर्षौंदेखि बन्देज कायमै राखिनु गलत काम भएको तर्क गरे ।

'सरकारी अधिकारीहरूले दुई-चार वटा घटनालाई आधार बनाएर भावनात्मकरूपमा गरेको गलत निर्णयको भार वर्षौंदेखि महिला श्रमिकले भोग्नुपरेको छ,' उनले भने, 'व्यक्तिगतरूपमा गएर समस्यामा परेकाहरूको विषयलाई जोडेर सम्पूर्ण घरेलु श्रमिकको रोजगारीमाथि प्रहार भएको छ, तत्कालै बन्देज हटाइनुपर्छ ।' विदेशमा घरेलु कामदार पठाउने सन्दर्भमा पछिल्लो समय श्रम रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीसँग पटक-पटक छलफल तथा परामर्श भएको जानकारी दिँदै अध्यक्ष भण्डारीले छिट्टै समस्या समाधन हुने अपेक्षा गरेको बताए ।

कार्यक्रममा सहभागी अधिकांशले पछिल्लो परिस्थितिमा घरेलु श्रमका लागि विदेश जाने महिलाहरू प्रचार गरिएजस्तो असुरक्षित नरहेको बताए । युएई, कतारलगायतका मुलुकले घरेलु श्रमिकको सुरक्षामा ध्यान दिएका कारण न्यूनतम मापदण्ड बनाई सरकारले लगाएको बन्देज हटाउनुपर्नेमा उनले जोड दिए । तत्कालीन व्यवस्थापिका-संसद्को अन्तर्राष्ट्रिय सम्बन्ध तथा श्रम समितिको निर्देशनअनुसार सरकारले २०७२ चैत २० गते खाडी मुलुकमा घरेलु श्रमिक (महिला) पठाउने कार्यमा रोक लगाएको थियो ।

## अमेरिका पठाइदिन्छु भन्दै ठगी गर्ने पक्राउ

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगारीका लागि अमेरिका पठाइदिन्छु भन्दै ठगी गरेको आरोपमा प्रहरीले एक जनालाई पक्राउ गरेको छ । आकर्षक तलबसहित अमेरिकामा रोजगारी लगाइदिने प्रलोभन देखाई पीडितबाट रकम संकलन गरी फरार रहेको आरोपमा सुजन अधिकारीलाई प्रहरीले पक्राउ गरेको हो ।

लमजुङको दोर्दी गाउँपालिका-१ स्थायी घर भई काठमाडौं वनस्थली बस्ने २८ वर्षीया अधिकारीले नुमा केसीलाई अमेरिका जान २० लाख रूपैयाँ लाग्ने र त्यहाँ प्रतिष्ठित कम्पनीमा आकर्षक काम लगाइदिने भन्दै पुरै रकम लिएर ठगी गरेको प्रहरीले जनाएको छ । उनले पीडितलाई अमेरिकामा चार लाख रूपैयाँभन्दा बढी मासिक तलब हुने भनी विश्वास दिलाई पैसा लिएर सम्पर्कविहीन भएको अवस्थामा पक्राउ गरिएको प्रहरीले उल्लेख गरेको छ । काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयबाट खटिएको विशेष प्रहरी टोलीले अधिकारीलाई खोजतालासका क्रममा सोह्रखुट्टेबाट पक्राउ गरिएको बताइएको छ ।

पीडितबाट पटक-पटक गरी रकम लिएर सम्पर्कविहीन भएको उजुरीका आधारमा वैदेशिक रोजगार विभाग काठमाडौंले उनलाई पक्राउ गरी उपस्थित गराइदिन प्रहरीलाई पत्राचार गरेको थियो । सोही आधारमा पक्राउ परेका अधिकारीलाई थप अनुसन्धान तथा कारबाहीका लागि विभागमा बुझाइएको प्रहरी उपरीक्षक मिलन केसीले जानकारी दिए ।


जनहितमा जारी सन्देश

डेंगी

सुरक्षित रहौं
रोकथाम गरौं
नियन्त्रण गरौं

डेंगी रोग डेंगी भाइरसबाट संक्रमित एडिज जातको लामखुट्टेको टोकाईबाट मात्र सर्दछ ।

थोरै मात्र पानी जम्मा भएको भाँडामा पनि यो लामखुट्टेले फुल पार्दछ र यसको वृद्धि विकास हुन्छ ।

डेंगीको लक्षणहरु: उच्च ज्वरो आउनु, जोर्नी र मांशपेशीहरु, आँखाको गेडी र टाउको बेस्सरी दुख्नु, शरीरमा राता बिमिराहरु आउनु, वाकवाकी लाग्नु वा वान्ता हुनु आदी हुन् ।

डेंगीबाट बच्ने उपायहरु

एडिज जातको लामखुट्टेले दिनको समयमा टोक्दछ । त्यसमाथि पनि बिहान र साँझको समयमा टोक्ने सम्भावना बढी भएकोले सो समयमा थप सचेत हुने ।

आफ्नो घर वरिपरि, कार्यस्थल र सार्वजनिक ठाँउहरुमा पानी जम्न नदिने । पानी राख्ने भाँडालाई लामखुट्टे नछिर्ने गरि राम्ररी छोपेर राख्ने ।

दिउँसो पनि लामखुट्टे भगाउने धूप बाल्ने र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने ।

घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने ।

बिहान, दिउँसो, राती जुनसुकै बेला झुल लगाएर मात्र सुत्ने ।

पूरै शरिर ढाक्ने लुगा लगाउने ।

लामखुट्टेले फुल पार्न सक्ने संभावित घर भित्र र वरपरका पानी जमेको ठाँउहरु र पानी राख्ने भाडाँहरु खोजी खोजी सफा गरौं र लामखुट्टेको फुल नष्ट गरौं ।

प्रभाव दैनिक National Daily | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा-७, सिफल, काठमाडौं

# सभामुख घिमिरे र चिनियाँ नेता युआनबीच भेटवार्ता



**काठमाडौं (प्रस)–** सभामुख देवराज घिमिरे र नेपाल भ्रमणमा रहनुभएका चिनियाँ कम्युनिस्ट पार्टीका केन्द्रीय राजनीतिक ब्युरो सदस्य तथा चोङकिङ नगर कमिटीका सचिव युआन च्या च्युनबीच भेटवार्ता भएको छ ।

सोमबार उनीहरूबीच भएको भेटमा द्विपक्षीय सम्बन्ध, आर्थिक, व्यापारिक, राजनीतिक, सामाजिक, धार्मिक आदानप्रदानलगायतका विषयमा छलफल भएको सभामुखको सचिवालयले जनाएको छ ।

भेटमा सभामुख घिमिरेले चीनले नेपाललाई उच्च महत्त्व दिँदै उपल्लोस्तरको भ्रमण गर्दै आएकामा आभार व्यक्त गरेका थिए । 'सन् २०१९ मा राष्ट्रपति सी चिनफिङको भ्रमणपछि उपल्लोस्तरको भ्रमण हुँदै आएको छ,' उनले भने, 'द्विपक्षीय राजनीतिक भ्रमणले नेपालको विकास र समृद्धिमा सहयोग पुग्ने विश्वास लिएको छु ।'

सभामुख घिमिरेले नेपाल सुन्दर र विश्वकै आकर्षक मुलुक रहेको बताउँदै चीनको सानो सहयोगले पनि समृद्धिका लागि सहयोग पुग्ने उल्लेख गरे । उनले संविधान निर्माणसँगै नेपालले स्थायित्व र विकासमा प्रगति हासिल गरिरहेको बताउँदै तत्कालीन केपी शर्मा ओली सरकारले गरेको पारवहनसन्धी र रसुवागढी-केरुङ रेलमार्गको विकासका लागि जोड दिएका थिए ।

हिमाल र नदी तथा धर्म र संस्कृतिले जोडिएका चीन र नेपालबीच प्रागैतिहासिककालदेखि नै सुमधुर सम्बन्ध रहँदै सभामुखको भनाइ थियो । उनले नेपाल आउने पर्यटकको मुख्य हिस्सा चीनको रहेको बताउँदै यसले नेपालको पर्यटन उद्योगमा टेवा पुऱ्याएको उल्लेख गरे ।

सो अवसरमा पोलिटब्युरो सदस्य युआनले आफू चिनियाँ राष्ट्रपति चिनफिङको निर्देशनमा नेपाल भ्रमणमा आएको बताउँदै नेपाललाई अन्नमा आत्मनिर्भर बनाउन चीनले सहयोग गर्ने बताए । उनले सभामुख घिमिरेलाई चीन भ्रमणको निम्तोसमेत दिए ।

# देशभरका फार्मेसी अनुगमन गरिँदै

**काठमाडौं (प्रस)–** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले काठमाडौं उपत्यकासहित सबै जिल्लामा फार्मेसीको अनुगमन सुरु गरेको छ । औषधि र औषधिजन्य वस्तुको सहीरूपमा उपभोगका साथै फार्मेसीबाट बिक्रीवितरण हुने औषधिको गुणस्तरबारे जानकारी लिनका अनुगमन अघि बढाइएको स्वास्थ्य तथा जनसंख्यामन्त्री मोहनबहादुर बस्नेतले बताए ।

अनुगमनका क्रममा सोमबार मन्त्री बस्नेत स्वयं फार्मेसीको स्थलगत निरीक्षणमा पुगेका छन् । उनले ललितपुर पाटनस्थित टाइम मेडिकल फार्मेसी, एकान्तकुनाको सेवा हेल्थ केयर प्रालि (फार्मेसी युनिट) र जावलाखेलको अल्का अस्पतालको फार्मेसीको स्थलगत निरीक्षण गरे ।

अनुगमनका क्रममा पाटनस्थित टाइम मेडिकल र एकान्तकुनाको सेवा हेल्थ केयर फार्मेसीमा म्याद गुज्रिएका औषधि राखिएको पाइएको, मिति नाघेका औषधिको विल बनाउँदा स्पष्ट नलेखेको, कतिपय बेच्न नमिल्ने औषधि पनि राखेको पाइएको मन्त्री बस्नेतले जानकारी दिए ।

फार्मेसीको निरीक्षणपछि स्वास्थ्यमन्त्री बस्नेतले देशभरका फार्मेसीको निरीक्षण र अनुगमनको काम भइरहेको र यसलाई निरन्तरता दिइने बताए । औषधि व्यवस्था विभागका महानिर्देशक नारायणप्रसाद ढकालले फार्मेसीको प्रभावकारी अनुगमन गरी प्रक्रिया नपुऱ्याई सञ्चालन भएका, म्याद गुज्रिएका औषधि बिक्री वितरण गरेको पाइएमा कडा कारबाही गरिने जानकारी दिए ।

मन्त्री बस्नेतको नेतृत्वमा औषधि व्यवस्था विभागका महानिर्देशक नारायणप्रसाद ढकाल, जिल्ला प्रशासन कार्यालय ललितपुरका सहायक प्रमुख जिल्ला अधिकारी अमरदीप सुनार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय तथा लागुऔषधब्युरोका प्रतिनिधि,विभागका कर्मचारी, सञ्चारकर्मीलगायतको सहभागिता थियो ।

काठमाडौं उपत्यकामा फार्मेसी अनुगमनका लागि सोमबार २० वटा टोलीले स्थलगत निरीक्षण गरेको थियो । देशभरका फार्मेसीको अनुगमनका लागि ७७ वटै जिल्लामा अनुगमन संयन्त्र बनाइएको मन्त्रालयले जनाएको छ । उक्त संयन्त्रले निरन्तर अनुगमन गर्ने बताइएको छ ।


## मालपोत कार्यालय सोलुखुम्बुबाट प्रकाशित हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

कोशी प्रदेश सोलुखुम्बु जिल्ला साविक तामाखानी गा.वि.स. वडा नं.८ परिवर्तित सोलुदुधकुण्ड नगरपालिका ३ बस्ने ल्हाक्पा शेर्पाको नातिहरु दाकिपा शेर्पा र दाकी शेर्पाको छोराहरु ( ना.नं. ८८४८/१०१ सोलुखुम्बु) को नुरु शेर्पा र (नां नं. १११०२०/२१ मिति २०६४/०५/०९ सोलुखुम्बु) को पेम्बा शेर्पाले हाम्रो बाबु दाकिपा शेर्पाको मिति २०७३/०५/०१ मा मृत्यु भएको एक मात्र पत्नी हाम्रो आमा दाकी शेर्पाको मिति २०४३/०२/१८ मा मृत्यु भएको निजहरुका हामी तीन जना छोराहरु र दुई जना छोरीहरुको जन्म भएकोमा सबैको विवाह भइसकेको, जेठो छोरा देण्डी शेर्पाको २०६८/०२/१८ मा अविवाहित अवस्थामै मृत्यु भएकोले बाबु आमाको मृत्यु पछिको सबै भन्दा नजिकको हकदारमा हामी दुई जना मात्र भएकाले बुबाको नाममा रहेको तपशिल बमोजिमका जग्गाहरूको श्रेस्ता कायम नरहेकोले फिल्डबुकको आधारमा सक्कल जग्गाधनी प्रमाण पूर्जालाई श्रेस्ता कायम गरी मेरो नाममा नामसारी गरी पाउँ भनि माग निवेदन पेश गर्नु भएको हुँदा यो हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । तपशील बमोजिमका जग्गाहरू अरु कोही कसैको हक भोगमा भए वा कोही कसैलाई लिखत गरी दिएको भए वा अरू कसैको हक दावी पुग्ने भए वा कर्ण बहादुर दर्जीको पत्नी वा छोरा छोरी कोही भए आफुसँग भएको सवुद प्रमाण सहित हकदावी गर्न आउनु होला । अन्यथा प्रचलित ऐन कानुन बमोजिम भई जाने व्यहोरा समेत सम्बन्धित सबैको लागि यसै सूचनाबाट जानकारी गराइन्छ ।

**तपशील**

निवेदकले नामसारीका लागि माग दावि गरेका जग्गाको विवरण

| सि.नं. | जिल्ला | गा.वि.स. | वडा नं. | कित्ता नं. | क्षेत्रफल व.मि. |
|---|---|---|---|---|---|
| १. | सोलुखुम्बु | तामाखानी | २ | १०४, २४२ र २५७ | ५००,१९४५ र ८०५ |
| २ | सोलुखुम्बु | तामाखानी | ७ | १७१ र१७२ | ८५० र १२६५ |

इति संवत् २०८० साल श्रावन महिना ०८ गते रोज २ शुभम्......।


## संघको...

पृष्ठ १ बाट जारी

गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशमा फागुनतिरै पुरानो गठबन्धन सरकार ढलिसकेको थियो ।

प्रदेश सभामुखद्वयले संघीय सरकारलाई लिएर असन्तुष्टि व्यक्त गर्दा मधेस प्रदेशका सभामुख रामचन्द्र मण्डलले त व्यवस्थामाथि नै प्रश्न उठाए । उनले व्यावहारिकरूपमा हेर्दा प्रदेशहरू केन्द्र शासितजस्तो देखिएको बताए । जुन गलत भएको उनलाई लाग्छ ।

'राज्य शक्तिहरू अझै बाँडफाँट भएको छैन । बन्दुक र सन्दुक प्रदेशसभासँग छैन । यसकारण बेलाबेलामा संघ र प्रदेशको विवाद परेको जस्तो देखिन पुगेको हो,' उनले भने, 'अहिले त संघले प्रदेशमाथि शासन गरिरहेको जस्तो लाग्छ ।'

अघिल्लो संसद्मा प्रधानमन्त्री छँदा एमाले अध्यक्ष केपी शर्मा ओलीले प्रदेशलाई संघको प्रशासनिक एकाइको रूपमा अर्थ्याएका थिए । मधेस, गण्डकीलगायत प्रदेशका मुख्यमन्त्रीहरूले तत्कालीन प्रधानमन्त्री ओलीले संविधानमै स्पष्ट लेखिएका अधिकारहरूको प्रयोगमा बाधा पुऱ्याएको गुनासो गरेका थिए । तर, ओलीले भने प्रदेश स्वतन्त्र सरकारको संरचनाको रूपमा अस्वीकार गरे । बरु, संघको प्रशासनिक केन्द्र भएको बताए । त्यसबेला पनि केन्द्रमा देखिएको राजनीतिक उथलपुथलको असर सबै प्रदेश सरकारले बेहोऱ्यो ।

संघीयताविद् तथा राष्ट्रिय सभा सदस्य डा. खिमलाल देवकोटाले केन्द्रीय राजनीतिको प्रभाव प्रदेश राजनीति र त्यहाँको संसद्मा देखिनु निकै गलत भएको बताए । यसो हुँदा संघीयताको औचित्यमाथि प्रश्न उठ्नसक्ने बताए । जसकारण आगामी दिनमा केन्द्रको राजनीतिक प्रभाव प्रदेशमा पर्न नहुने उनको धारणा छ ।

'प्रदेशका जे-जे अधिकार छन्, ती प्रयोग दिनुपर्छ । अंकुश लगाउनु हुँदैन,' उनले प्रभावसँग भने, 'तर, यहाँ त के देखियो भने प्रदेशको औचित्य पुष्टि नगर्ने र अन्ततः मास्ने नियत पाउँछु । जुन गलत हो । र, केन्द्रमा भएको राजनीतिक परिवर्तनको असर प्रदेशलाई पार्नु हुँदैन ।'

**संसद् बजेट पर्याप्त !**

संघीय संसद् र प्रदेश संसद्हरूका नेतृत्वहरूले बजेटको अभाव नहुने गरी व्यवस्था गर्न सरकारको ध्यानाकर्षण गराएका छन् । उनीहरूले संघीय संसद् र प्रदेशसभाहरूको कार्य सञ्चालनमा कुनै पनि कारणबाट बजेट अभाव हुने वातावरण नबनाउन जरुरी रहेको निष्कर्ष निकाले ।

संसद् र प्रदेशसभाहरूका लागि भौतिक स्रोत र दक्ष जनशक्तिको पर्याप्त व्यवस्था गर्न/गराउन पनि पहल आवश्यक भएको भेलाको निष्कर्ष छ ।

संसद्को अधिवेशन आह्वान, अन्त्य, अधिवेशनमा पेस हुने विधेयकलगायत सरकारी कार्यसूचीमा रहने विषयहरूको सम्बन्धमा सरकारले सभाध्यक्षसँग परामर्श गर्ने पद्धतिको अवलम्बन गर्न'पर्ने अर्को निष्कर्ष छ । यससँगै पूर्वबजेट छलफल र सरकारको वार्षिक नीति तथा कार्यक्रममाथिको छलफलमा उठेका विषय समावेश हुने अवस्थाको सुनिश्चितता गर्ने र ती कार्यक्रम हरेक आर्थिक वर्षको बजेट अधिवेशनअगावै सक्ने गरी व्यवस्था गर्दा उचित हुने निष्कर्ष छ ।

भेलामा प्रतिनिधिसभाका सभामुख देवराज घिमिरे, उपसभामुख इन्दिरा राना मगर, राष्ट्रियसभा अध्यक्ष गणेश तिमिल्सिना, उपाध्यक्ष उर्मिला अर्यालसँगै सबै प्रदेशका सभामुख-उपसभामुखको सहभागिता थियो ।

# लाइसेन्स बनाइदिने भनी ठगी गर्ने पक्राउ

**काठमाडौं (प्रस)–** काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको प्रहरी टोलीले लाइसेन्स बनाइदिने तथा ट्रायल पास गराइदिने भन्दै ठगी गरेको आरोपमा एक जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा ललितपुरको महालक्ष्मी नगरपालिका-१३ बस्ने ३० वर्षीय राजु परियार रहेका छन् । पक्राउ परेका परियारले आफू यातायात व्यवस्था कार्यालय एकान्तकुनाको कर्मचारी रहेको बताउँदै पीडितहरूलाई लाइसेन्स बनाइदिने, ट्रायल पास गराइदिने, प्रदूषण जाँचपास गराइदिनेलगायतका कार्य गरिदिन्छु भन्दै सुन र नगद गरी चार लाख ३० हजार रूपैयाँ बराबरको रकम ठगी गरेको उजुरीका आधारमा पक्राउ गरिएको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रवक्ता तथा प्रहरी उपरीक्षक रवीन्द्र रेग्मीले जानकारी दिए ।

परियारलाई लुभुबाट पक्राउ गरिएको उनले जानकारी दिए । यसैगरी उनले ठगी गरेको सुन खरिद गर्ने कृष्ण ज्वेलर्स् एण्ड सन्स्का सञ्चालकलाई पनि कालीमाटीबाट पक्राउ गरिएको प्रहरीले जनाएको छ । पक्राउ परेका दुवै जनालाई ठगीसम्बन्धी कसुरमा आवश्यक अनुसन्धान तथा कारबाहीका लागि जिल्ला प्रहरी परिसर जावलाखेल पठाइएको प्रवक्ता तथा प्रहरी उपरीक्षक रेग्मीले बताए ।


### स्वास्थ्य मन्त्रालय
### स्वास्थ्य निर्देशनालय
### पशुपति चौलागाई स्मृति अस्पताल
चरिकोट, दोलखा
बागमती प्रदेश

## सूचीदर्ता गराउने बारेको सूचना

आगामी आ.व ०८०/०८१ को लागि तपशिल बमोजिमका सामानहरु यस अस्पतालमा सप्लाई, मर्मत सम्भार र छपाई गर्न इच्छुक व्यक्ति, फर्म, सेवाप्रदायक र सामान आपूर्तिकर्ताको छुट्टा छुट्टै मौजुदा सुची तयार गर्ने प्रयोजनको लागि सार्बजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ अनुसार सूचीकरण गर्नुपर्ने भएकाले सम्वन्धित कार्य गर्न पाउने इजाजतपत्र, स्थाई लेखा नंबर, मूल्य अभिबृद्धि कर, दर्ता प्रमाणपत्र र आ.व २०७८/७९ को कर चुक्ता प्रमाणपत्र प्राप्त इच्छुक व्यक्ति, फर्म, कम्पनी वा सस्थाले कालो सूचीमा नपरेको स्वघोषणा सहित यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र प्रमाणपत्रहरु को प्रतिलिपि सहित यस कार्यालयमा दर्ता गराउनहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । निवेदन दर्ता गराउदा खाम बाहिर स्पष्ट रुपमा आफुले गर्न चाहेको कार्यको विवरण बेग्लाबेग्लै खाममा भर्नुपर्नेछ ।

**तपशिल:**

१. छपाई तथा मसलन्द सम्बन्धी
२. कार्यालय उपकरण आपूर्ति तथा मर्मत सम्बन्धी
३. कम्प्युटर तथा कम्प्युटरजन्य उपकरण सम्बन्धी
४. फर्निचर तथा फर्निसिङ आपूर्ति सम्बन्धी
५. औषधि तथा औषधिजन्य सर्जिकल सामान आपूर्ति सम्बन्धी
६. सरसफाई तथा सो सम्बन्धि सेवा र सामाग्री
७. बिधुतिय सामाग्री आपूर्ति तथा मर्मत
८. बिबिध फुटकर सामाग्रीहरु
९. ल्याब रि-एजेन्ट तथा केमिकल्स
१०.एक्स-रे फिल्म १०x१२ साईज
११.मेसिनरी औजार तथा उपकरण


## एकात्मक राज्य...

(पृष्ठ १ बाट जारी)

भएपछि तल (प्रदेश)मा पनि भइहाल्नुपर्ने । सानासाना कुरामा पनि तलदेखि माथिसम्मै उस्तै प्रकारको देखिने । बजेट पनि संघमा पर्याप्त छ, प्रदेशमा छैन । स्थानीय तहमा अलिक बढी बजेट पठाउन पाए हुन्थ्यो । त्यहाँ भूगोल चिनेका जानेका पात्रहरू नै त्यहाँ निर्णायक कमिटीमा हुन्छन् । त्यसो हुँदा विकास र समृद्धिका लागि सजिलो हुन्थ्यो कि भन्ने माननीयहरूको आशय थियो ।

**राष्ट्रिय सभा अध्यक्ष, उपाध्यक्षसँगै संघीय र प्रदेश संसदका सभामुखहरूको भेलाको निष्कर्ष केन्द्रमा हुने राजनीतिक फेरबदलको प्रभाव प्रदेश संसद् र सरकारमा पर्न हुँदैन भन्ने नै हो ?**

निष्कर्ष त होइन त्यो । हामीले त सरकारलाई सुझाव दिने त हो । हामीले त प्रदेशमा भएका अभाव र दरारबारे समाधानको उपाय खोज्नुपर्छ भन्नेचाहिँ हो ।

**प्रदेश संसदले भोगेको अभावचाहिं के हो ?**

कतिपय संघीय कानुनहरू बनेका छैनन् । निजामती ऐन, शिक्षा सेवा ऐनलगायत थुप्रै ऐन संघीय सरकारले नबनाउँदा त्यस आधारमा प्रदेश सरकारले प्रादेशिक ऐन बनाउन सकेको छैन । प्रदेशले यी ऐनहरूको अभाव झेल्नुपरिरहेको अवस्था छ ।

## देउवाविरुद्ध...

(पृष्ठ १ बाट जारी)

नेता पर्नुभयो भने हामीले कानुन कमजोर बनाएनौं भन्ने हो । कसले निलम्बन गऱ्यो/गरेन भन्ने कुरा ठूलो होइन । हामी जोगाउन लाग्यो वा छानबिनमा सहयोग पुऱ्यायौं भन्ने महत्त्वपूर्ण हो ।'

साउन २ बाट कांग्रेस केन्द्रीय कार्यालयमा जारी बैठक भोलि बुधबार ४ बजे बस्ने गरी स्थगित भएको छ । बैठकमा अब सभापति देउवाको जवाफमात्र बाँकी छ । त्यसैगरी केन्द्रीय समितिले सांगठनिक कार्यतालिका पारित गर्ने र नीति अधिवेशनको मितिबारे निर्णय गर्नेछ ।


## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष १० अंक ९२ साउन ०८ गते २०८० मा प्रकाशित Trans World Manpower Company Pvt. Ltd. को Lot No. 276584 को Brighten Industries Sdn Bhd कम्पनीको विज्ञापनमा Factory Worker (Manufacturing Sec.) मा पुरुष कामदारको संख्या ३ हुनुपर्नेमा अन्यथा सच्याईएको जानकारी गराईन्छ ।

TRANS WORLD Manpower CO.(P) Ltd.
Govt. License 300/059/60
3rd Floor, Josi Complex/ Opp. Padmodaya High School/ Exhibition Road, Kathmandu
Tel: 00977-1-4219272, 4219282, 2042104/ Fax: 00977-1-4219236
Email: twmanpower@wlink.com.np

## NOC हराएको सूचना

मिति 2080-3-05 गते कोटेश्वरबाट वानेश्वरसम्म जाँदा मेरो निम्न व्यहोरा भएको No Objection Letter हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरि दिनु हुनु अनुरोध गर्दछु ।

Name : **Mr. Jitendra Singh**
NOC No. **793657416**
Address : **Imadol, Lalitpur**
Mobile : **9818947136**

### श्री सबनम हरियाली सामुदायिक वन उपभोक्ता समूह
नरैनापुर गा.पा.-३, बाँके

गोलिया काठ बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सुचना

(दोस्रो पटक प्रकाशित मिति २०८०/०४/०९ गते)

यस सामुदायिक वन उपभोक्ता समूहले व्यवस्थापन गरेको वन क्षेत्रका समूहको स्विकृत वन व्यवस्थापन योजना अनुसार डि.व.का. बाँकेको च.नं.२७५५ मिति २०८०/०१/१२ को वन पैदावार संकलन सहमती बमोजिम उत्पादित काठ, दाउरा समूहमा आन्तरिक खपत भई बाँकी रहेको काठ, दाउरा डि.व.का. बाँकेको च.नं. ३४२६ मिति २०८०/०२/३० को बाह्य लिलाम सहमति बमोजिम समूहको घाटगद्दिमा रहेका साल, कर्मा, घौटी र अन्य लगायतका गोलिया थान ६२ को ७३६.४९ घन फिट काठ र साल दाउरा ३.०० अन्य दाउरा ३.०० चट्टा हाल जे-जस्तो अवस्थामा छ । सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले सूचिकृत भएका काठ व्यवसायीहरुले यो सूचना पहिलो पटक प्रकाशित भएको मितिले १५ औं दिनभित्र खरिद गरी १६ औं दिनको कार्यालय समयसम्म सिलबन्दी बोलपत्र दाखिला गर्नुहुन आव्हान गरिन्छ । विस्तृत सूचना यस समूहको सूचना पाटीमा टाँस गरेको व्यहोरा सम्बन्धीत सबैलाई सूचित गरिन्छ ।


### १०० किलो सुन प्रकरण
# अनुसन्धान प्रहरी मिसियो

**काठमाडौं (प्रस)–** करिब एक सय किलो तस्करीको सुन प्रकरणको अनुसन्धानमा नेपाल प्रहरी जोडिएको छ । राजस्व अनुसन्धान विभागले अनुसन्धानमा सहयोगका लागि प्रहरी प्रधान कार्यालयलाई पत्र पठाएको थियो । लगत्तै स्वीकारेर प्रहरी पनि सुन प्रकरणको अनुसन्धानमा जोडिएको हो ।

केन्द्रीय प्रहरी प्रवक्ता कुबेर कडायतका अनुसार प्रहरी प्रधान कार्यालयले सोमबार प्रहरी उपरीक्षक (एसपी) कृष्णप्रसाद पंगेनीलाई अनुसन्धानमा खटाएको हो ।

सुन काण्डको अनुसन्धानमा यसअघि देखि नै सशस्त्र प्रहरीको संलग्नता छ । राजस्व अनुसन्धान विभागको छुट्टै अनुसन्धान समिति पनि छ ।

राजस्व अनुसन्धान विभागले यही ३ साउनमा त्रिभुवन अन्तर राष्ट्रिय विमानस्थल बाहिरबाट करिब सय किलो सुन बरामद गरेको थियो । उक्त सुनको भन्सार जाँचपास भइसकेको थियो । त्यही अवस्थामा विभागले बरामद गरेको हो ।

हालसम्म विभागले १६ जनालाई पक्राउ गरिसकेका छन् । पक्राउ पर्नेहरू भन्सारका कर्मचारी र भन्सार एजेन्ट छन् ।

प्रकरणको अनुसन्धान अझ गहिरो रूपले गर्नुपर्ने खाँचो रहेको विभागले जनाएको छ । बरामद गरिएको सुन भने नेपाल राष्ट्र बैंक मातहतको टक्सार विभागमा छ ।

उक्त सुन रेडी ट्रेड प्रालिको रहेको खुलेको छ । यो कम्पनीले पछिल्लो तीन महिनामा १८ सय किलो सुन नेपाल भित्र्याएको राजस्व अनुसन्धान विभागले गरेको अनुसन्धानले देखाएको छ । सुन भने हङकङ, दुबईलगायत देशबाट नेपालमा तस्करहरूले भित्र्याएका हुन् ।

## शेखरलाई...

(पृष्ठ १ बाट जारी)

यसैगरी महामन्त्री शर्माले आफूले अन्य दलबारे नबोल्न भन्दै डा.कोइरालालाई चिट नदिएको प्रस्ट पारेका छन् । सोमबारको केन्द्रीय समितिमा महामन्त्री शर्माले यस्तो बताएका हुन् ।

'डा. शेखर कोइरालाले अन्य दलको बैठकमा नबोल्न भन्दै चिट दिएको भन्नुभयो । त्यो हैन । सबैलाई दिइएको चिट यही (१० बुँदे प्रस्ताव) हो । बोल्नलाई निषेध गरिएको छैन,' शर्माले भने ।

आइतबारमात्र शेखरले महामन्त्रीहरूले आफूलाई अन्य पार्टीबारे नबोल्न भन्दै चिट दिएको दाबी गरेका थिए । 'बैठकको भोलिपल्ट महामन्त्रीले चिट दिनुभयो । अन्य पार्टीको बारेमा पटक्कै नबोल्नु भनेर । कस्तो केन्द्रीय समितिको बैठक हुने हो त्यो मैले बुझ्न सकेको छैन,' कोइरालाले असन्तुष्टि पोखेका थिए ।


## अधिकतम खुद्रा मूल्य MRP प्रकाशनको सूचना

Date: 2080/04/09

यस फर्म कम्पनिले (China) बाट पैठारी गरेको देहायको मालवस्तुहरूको अधिकतम खुद्रा विक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**तपसिल**

| सि. नं. | मालवस्तुहरूको विवरण | आकार / प्रकार | ब्राण्ड | मोडल | क्षमता | उत्पतिको मूलक / राष्ट्र | इकाई | प्रति इकाई मूल्य | अधिकतम खुद्रा मूल्य MRP | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Air conditioner unit | | Sakura | GSC-18HA | 1.5 ton | china | 104 set | Nrs. 88,751.74 | | |
| 2. | Air conditioner unit | | Sakura | GSC-24HA | 2 ton | China | 90 set | Nrs. 112,705.31 | | |

**बिक्रेता फर्मको नाम : Airo Tech Pvt. Ltd.** **एक्जीम कोड नं :** 6043088360149NP
**ठेगाना :** Sundar Basti, Bhangal, Budhanilkantha, Kathmandu **फोन नं : 9851071941**

## नाम परिवर्तन सम्बन्धी सूचना

यस कम्पनीको मिति २०७९/०३/२२ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **(स्तुपा एडभेञ्चर प्रा.लि.)** को नामबाट सृजना भएको एवं साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ती तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व तिर्ने व्यहोर्ने गरी परिवर्तित नाम " **अल नेपाल खेल संसार** प्रा.लि. (प्रा. लि. नं. २३४६२०)" कायम भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

## सूचना

यस रिलायन्स सुगर एण्ड केमिकल्स प्रा.लि.बाट उत्पादित निम्न स्प्रीट तथा ई.एन.ए. मिति **२०८०/०४/०९** गतेदेखि कारखाना रेट (Ex-Factory) मूल्यमा बिक्री गरिने भएकोले सबैको जानकारीको लागि यो मूल्यसूची प्रकाशित गरिएको छ । यस मूल्यमा अन्त शूल्क तथा मु.अ.कर समावेश छैन ।

1. Rectified spirit (Rs) प्रतिलिटर रू ९५/-
2. Extra Neutral Alcohal (ENA) प्रतिलिटर रू ११८/-
3. Denature Spirit (DS) प्रतिलिटर रू २२/-

**रिलायन्स सुगर एण्ड केमिकल्स ईण्डष्ट्रीज प्रा.लि., मनहर्वा बारा**

# 'प्रहरी चारित्रिक प्रमाणपत्र प्रमाणीकरण अनलाइनबाटै गर्नू'

**काठमाडौं (प्रस)–** परराष्ट्रमन्त्री एनपी साउदले मन्त्रालयअन्तर्गतको कन्सुलर सेवा विभागलाई प्रहरी चारित्रिक प्रमाणपत्र (पिसिसी) का सम्पूर्ण काम अनलाइनमार्फत गर्न निर्देशन दिएका छन् ।

विभागका महानिर्देशक प्रकाशमणि पौडेललाई १० दिनभित्रै प्रहरी चारित्रिक प्रमाणपत्रका सम्पूर्ण काम अनलाइनमार्फत गर्ने व्यवस्था मिलाउन मन्त्री साउदले निर्देशन दिए । अहिले प्रहरी चारित्रिक प्रमाणपत्रका अन्य काम अनलाइनमार्फत हुने भए पनि कन्सुलर विभागको छाप र प्रमाणीकरण गर्ने अधिकारीको हस्ताक्षरसहितको पत्र बुझ्न सेवाग्राही स्वयं अथवा इच्छाएको व्यक्ति उपस्थित हुनैपर्ने बाध्यता छ । यस्तो व्यवस्थाले राहदानी विभागमा सेवाग्राहीको भीड लाग्ने गरेको छ।

राहदानी विभागमा देखिँदै आएको भीडभाड न्यून गर्न र सेवाग्राहीले प्रहरी चारित्रिक प्रमाणपत्रको प्रमाणीकरणका लागि उपस्थित हुनुपर्ने बाध्यता हटाउन मन्त्री साउदले उक्त निर्देशन दिएका हो। मन्त्री साउदको निर्देशनअनुसार काउन्सलर सेवा विभागले प्रहरी चारित्रिक प्रमाणपत्रका सम्पूर्ण काम अनलाइनमार्फत गर्ने व्यवस्था गरेसँगै सेवाग्राहीले आफू वा आफूले इच्छाएको व्यक्ति त्रिपुरेश्वर जानुपर्ने बाध्यता हट्ने छ ।

कन्सुलर सेवालाई सरल, सहज, पारदर्शी र उत्तरदायी ढंगले सम्पादन गर्न सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ९ ले दिएको अधिकार प्रयोग गरी सरकारको २०७० वैशाख २० गतेको निर्णयअनुसार परराष्ट्र मन्त्रालयअन्तर्गत कन्सुलर सेवा विभागको स्थापना भएको हो । विदेशमा रहेका नेपालीको हकहितको सुरक्षा, उद्धार, क्षतिपूर्तिको पहल, कन्सुलर प्रमाणीकरण, विदेशी नियोग तथा कूटनीतिक पदाधिकारीलाई प्रदान गरिने सुविधा तथा उन्मुक्ति, सरकारको मनोनयनमा विदेश भ्रमण गर्ने पदाधिकारीका लागि सम्बन्धित देशको प्रवेशाज्ञाका लागि सिफारिस गर्नेलगायतका काम विभागबाट हुँदै आएका छन् ।

क न स ु ल र सेवा विभागका महानिर्देशक पौडेलले अनलाइनमार्फत काम अघि बढाउनका लागि टिप्पणी उठाउने काम भइसकेको र मन्त्रीबाट स्वीकृत गराएर दुई साताभित्रै लागू गरिने बताए । 'पिसिसीका काम अनलाइनमार्फत नै हुँदै आएका थिए । अन्तिममामात्रै हामीले बोलाएपछि सेवाग्राही आउनुपर्ने हुन्थ्यो । अब त्यो हट्छ,' उनले भने, 'अब थोरै काम गर्नुपर्ने छ । टिप्पणी उठाउने काम भइसकेको छ ।'

# डेंगु नियन्त्रणका लागि द्रुत प्रतिकार्य समिति

**भक्तपुर–** चाँगुनारायण नगरपालिकाले डेंगु रोकथाम तथा नियन्त्रणका लागि डेंगु रोग खोज तथा नष्ट अभियान सुरु गरेको छ । नगरपालिकाले रोगको खोज तथा नष्टका लागि वडावडामा द्रुत प्रतिकार्य टोली गठन गरी अभियान थालेको हो ।

रोगको महामारी फैलिनु अगाडि नै यसको नियन्त्रणका लागि नगरपालिकाले स्वास्थ्य शाखामार्फत डेंगु रोकथाम तथा नियन्त्रणसम्बन्धी अभियान थालेको नगरप्रमुख जीवन खत्रीले बताए ।

नगरप्रमुख खत्रीले नगरपालिकाले तयार गरेको मनसुन पूर्वतयारी योजनाअनुरूप डेंगु रोकथाम र नियन्त्रणका लागि समुदायस्तरमा विभिन्न गतिविधिसहितको अभियान सुरु भएको बताए । आफ्नो नगरक्षेत्रमा डेंगु रोग फैलिन नदिन समयमै सचेतना अपनाउँदै नगरस्तरीय द्रुत प्रतिकार्य टोली गठन भई वडास्तरीय विपद् व्यवस्थापन समितिमार्फत प्रतिकार्य टोली गठन गरी डेंगु रोकथाम तथा नियन्त्रणका गतिविधि सञ्चालन गर्न प्रत्येक वडा कार्यालयलाई निर्देशनसमेत दिइएको उनले बताए ।

नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत चुडामणि पन्थीले नगरपालिकाअन्तर्गतका कार्यालय, विद्यालय, सामुदायिक भवनबाट डेंगु रोग रोकथाम तथा नियन्त्रणको मुख्य तरिका खोज तथा नष्ट अभियान सुरु गरेको बताए । उनले सबै समुदायमा रोगसम्बन्धी जनचेतना फैलाइ समुदायको सहभागितामा रोकथाम र नियन्त्रणका उपाय अवलम्बन गरिने बताए ।

उनले विद्यालयस्तर एवं समुदायस्तरमा पूर्व तयारीका गतिविधि सञ्चालनका लागि शाखागत आवश्यक समन्वय गरी द्रुतरूपमा डेंगु नियन्त्रण कार्य अगाडि बढाउने अभियान थालेको बताए । स्वास्थ्य शाखा प्रमुख सत्यकुमार दुवालले डेंगु रोकथाम र नियन्त्रणका लागि नगरपालिकाले द्रुत प्रतिकार्य टोली गठन गरी नगरस्तरीय अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिसकेको बताए ।

नगरपालिकाले डेंगु रोकथाम र नियन्त्रणका लागि तयार गरेको योजना अनुरूप वडास्तरमा अभिमुखीकरण, द्रुत प्रतिकार्य समितिको गठन, स्थानीय रेडक्रसलगायत महिला स्वास्थ्य स्वयंसेविका तथा विभिन्न संघ संस्था एवं विद्यालयको सहभागिता रहने छ । सोअनुसा घरधुरी सर्वेक्षण गरी घर-घरमा पर्चा वितरण र नगर क्षेत्रमा माइकिङ गर्ने, सबै वडामा डेंगु नियन्त्रण, रोकथाम गर्न खोज र नष्ट अभियान सञ्चालन गर्ने, सबै स्वास्थ्य संस्थालाई डेंगुको सम्भावित जाँचका लागि तयारी अवस्थामा राख्ने जस्ता कार्य सुरु गरिएको उनले जानकारी दिए । *रासस*

## गोलिया काठ/दाउरा लिलाम बिक्री सम्बन्धी सूचना

**(प्रकाशित मितिः–२०८०/०४/०९)**

यस श्री पाटनदेवी सामुदायिक वन उपभोक्ता समुह दुधौली नपा-१,सिन्धुलीबाट आव २०७९/०८० मा उत्पादन भै समुह क्षेत्र दुधौली नपा-१मा घाटगद्दी गरी राखिएको विभिन्न लटको साल जातको गोलिया थान ७१ को कुल १०३७.५९ क्युफिट गोलिया काठ र दाउरा १.०० चट्टा व्यापारिक प्रयोजनकालागि बिक्री वितरण गर्नुपर्ने भएकोले काठ दाउरा जेजस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजाने गरी वन नियमावली २०७९ को नियम १२८ बमोजिम योग्य उधोगहरूले यो सूचना प्रकाशन भएको मितिले २१ दिनभित्र बोलपत्र खरिद गरी २२ औं दिनमा मध्यान्ह १२:०० बजे सम्म सिलबन्दी बोलपत्र पेश गर्न आह्वान गरिन्छ । विस्तृत व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टा'स गरिएको छ ।

**श्री पाटनदेवी सामुदायिक वन उपभोक्ता समुह**
**दुधौली नपा–१,सिन्धुली**

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ARGAN ALBIDA'A HOTEL AND RESORT

पूर्व स्वीकृति मिति :२०७९/03/१३ | पुन विज्ञापन स्वीकृति मिति २०८०/04/0८ | LT. No. 265835 | चलानी नं.६०१८१७९७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bell Boy | 5 | 0 | 125 | ५०,९६५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | HK Attendant | 10 | 10 | 100 | ४०,७७० | | | | | | | |
| 3 | Life Guard | 5 | 0 | 125 | ५०,९६५ | | | | | | | |

कम्पनी : MODISH UNITED READYMADE CLOTHS COMPANY

पूर्व स्वीकृति मिति २०७९/०८/२१ | पुन विज्ञापन स्वीकृति मिति २०८०/04/07 | LT. No. 277357 | चलानी नं. ६०१९२९१५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Women's Cloth Saler/ Sales Girl | 0 | 17 | 135 | ६०,६८० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner | 0 | 3 | 90 | ३०,३४० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० साउन १६ गते (1st Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य, लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ३०१/०५९/०६०

**Supreme Overseas Pvt. Ltd.**
Koteshwor-35, Kathmandu, Nepal.
Phone: +977-1-4610716, 9813327241, 9741877355, 9841359033, 9851107202
Email: supremeovs@yahoo.com, supremeover301@gmail.com,
Web: www.supremeoverseas.com.np

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : OXYGEN FITNESS HEALTH CLUB

पूर्व स्वीकृति मिति २०८०/04/0८ | LT No. 289868 | चलानी नं.६०२०५११५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter | 20 | 0 | 120 | ५१,३१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० साउन १६ गते (1st Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ३०१/०५९/०६०

**SUPREME OVERSEAS PVT. LTD.**
Koteshwor-35, Kathmandu, Nepal. Phone: +977-1-4612909, Mob No.: 9851141464 | Fax: 01-4600047
Email: supremeovs301@gmail.com, Web: www.supremeoverseas.com.np

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : KABULIAN RESTAURANT COMPANY S.P.C

पूर्व स्वीकृति मिति : २०८०/04/0८ | LT. No. 289776 | चलानी नं.६०२०५०६८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Chef Assistant / Preparer | 15 | 0 | 120 | ५१,३१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० साउन १६ गते (1st Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्नें | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु.१,५०० कामदार आफैंले **सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : निःशुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Omega International Pvt. Ltd.**
Govt. License No. 1352/074/075
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL RAMMAH NATIONAL GEN.TRAD.& CONT.CO

पूर्व स्वीकृति मिति २०७९/०५/०९ | पुन विज्ञापन स्वीकृति मिति २०८०/04/0८ | LT. No. 270394 | चलानी नं. ६०१८६१५१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 18 | 0 | 100 | ४२,७६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० साउन १६ गते (1st Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Namo Buddha Recruitment Pvt. Ltd.**
Govt. License 1370/74/75
Basundhara-3, Kathmandu, Nepal, Phone : + 977-1-4983168
E-mail : info@namobuddharecruitment.com, nbrpl1370@gmail.com
Website : www.namobuddharecruitment.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : GLOBAL WING GENERAL CONTRACTING EST

पूर्व स्वीकृति मितिः २०८०/04/0८ | LT. No.289775 | चलानी नं. ६०२०५११३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | SCAFFOLDER | 4 | 0 | 1200 | ४१,९४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : MIRDAS MOHAMMED MUAIKEL AL-DAUSARY TRANSPORTATION EST.

पूर्व स्वीकृति मितिः २०८०/0१/२६ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/04/0८ | LT. No.285670 | चलानी नं. ६०२०११३०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 3 | 0 | 1800 | ६२,९१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० साउन १६ गते (1st Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं.८३३/०६६/०६७

**Target Consultant Human Resources Pvt. Ltd.**
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com

## साउदी अरेबियामा रोजगारको अवसर

कम्पनीः SAFARI COMPANY

पूर्व स्वीकृति मिति २०७९/१२/२३ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/04/0८ | LT. No. 284242 | चलानी नं. ६०१९४९९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facility Cleaning Worker | 1 | 0 | 1000 | ३४,९५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० साउन १५ गते (31st July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ६१९/०६३/०६४

**Nasser Outsourcing Consultants Pvt. Ltd.**
Ratopool-9, Kathmandu, nepal, Tel: +977-1-4465090 (6 Line), Fax: +977-1-4411950,
Email: nocnepal@nassers.org

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : COMPANY FACTORY HASAN KREDICH HELLACH AL JAHIZAH WALA'AB

पूर्व स्वीकृति मिति : २०८०/04/07 | LT. No. 289839 | चलानी नं. ६०२०५०५६

E-mail : hrnhimalayan@gmail.com
Website : www.hrnhimalayan.com

# प्रभाव दैनिक




## 'नांगो गाउँ'को टिजर सार्वजनिक

भदौ २९ गतेदेखि प्रदर्शनको तयारीमा रहेको मल्टिस्टारर फिल्म 'नांगो गाउँ'को टिजर सार्वजनिक भएको छ। दीपेन्द्र लामाको लेखन तथा निर्देशनमा तयार भएको फिल्मको टिजरमा चुनावी सन्दर्भमा गाउँमा हुने राजनीतिक परिवेशलाई चित्रण गरिएको छ। टिजरले फिल्मका शीर्ष पात्रहरूको चरित्र स्थापना गरेको छ। मिरूना मगर, साम्राज्ञी शाह, कार्मका साथै फिल्ममा कमलमणि नेपाल, रविन्द्र झा, बुद्धि तामाङ, विशाल पहारी, राज थापा, अंकित खड्का, निमा पाण्डे, ज्ञानुभाइ जोशी, पुष्कर गुरूङ, श्रद्धा गिरी, शिशिर तामाङ, केशव राई, सविन बास्तोला, रामकाजी घिमिरे, गणेश प्रसाद पौडेल, शंकर आचार्य, इस्तु कार्की, टीका निरौला, बद्री पुडासैनी, नमस्ते दिवाकर लगायत कलाकारको अभिनय छ।




मंगलबार, ९ साउन २०८० (Tuesday, July 25, 2023)


# सौरभ ज्योतीको गीत 'छ-जी' सार्वजनिक

**काठमाडौं (प्रस)–** ज्योती ग्रुका कार्यकारी निर्देशक सौरभ ज्योतीले 'छ-जी' बोलको गीत सार्वजनिक गरेका छन्। उनले सो गीत नेवारी भाषा तथा प्रेमलाई समर्पित गरेर गाएका हुन्। 'छ-जी'को मनमोहक धुनले नेवारी भाषाको सांस्कृतिक सम्पदा लाई सम्बोधन गर्दै प्रत्येक मानवमा हुने प्रेमको चाहलाई व्यक्त गरेका छन्।

ज्योतीले एक वर्षसम्म मन मस्तिष्क लगाएर रचेको 'छ-जी'ले दर्शक माँझ राम्रो प्रतिक्रिया पाउने आशा राखेको छ। नेवारी भाषामा भएतापनि यसको हृदय स्पर्शी धुन र भिडियो मार्फत् सबै पृष्ठभूमीका दर्शकहरू माँझ गहिरो छाप छोड्ने छ।




एउटा कलाकारको रूपमा ज्योतीले यस गीतको लेखनमा मात्र नभई गीतको रचनाको प्रत्येक चरणमा सक्रिय भएका थिए जसले संगीतप्रतिको उनको गहिरो प्रतिबद्धता र लगावलाई झल्काउँछ। त्यसैगरी, यसै भिडियो मार्फत् मोडल तथा अभिनेत्री ज्योत्सना योगीले डिरेक्टरियल डेब्यु रेकी छन् भने जेम्स प्रधानले रचना तथा प्रडक्सन गरेका छन्। संगीत प्रेमीहरूको लागि पहुँचयोग्य बनाउन यो गीत सबै प्रमुख स्ट्रिमिङ प्लेटफर्महरूमा उपलब्ध छ।

# फिलिपिन्समा दुई नेपालीलाई उपाधि

**काठमाडौं (प्रस)–** फिलिपिन्समा आयोजित 'क्राउन्ड एम्बेसडर इन्टरनेशनल २०२३' मा नेपाली बालबालिकाले दुई शिर्ष सहित ५ उपाधि नेपाल भित्र्याउन सफल भएका छन्। फिलिपिन्सको राजधानी मनिलामा हालै सम्पन्न प्रतियोगितामा नेपालका तर्फबाट सहभागी संयक श्रेष्ठले 'योङ प्रिन्स क्राउन्ड एम्बेसडर इन्टरनेशनल २०२३' को शीर्ष उपाधि जित्दा लावेन लिम्बुले 'योङ प्रिन्सेस क्राउन्ड एम्बेसडर इन्टरनेशनल २०२३'को शिर्ष उपाधि हात पारिन्। यहि प्रतियोगीता अन्तर्गत दर्शना संग्रौला फष्ट रनरअप भएकी छन्।

त्यस्तै सोकी कार्यक्रममा आयोजित 'टिन क्राउन्ड एम्बेसडर इन्टरनेशनल २०२३' मा रिदिमा नेपाल फष्ट रनर अफ उपाधि जित्दा प्रतियोगीतामा श्रृजना प्रधानले भने 'योङ प्रिन्सेस क्राउन्ड एम्बेसडर कल्चर इन्टरनेशनल' सबटाइटल प्राप्त गरिन्। प्रतियोगीतामा सहभागी सबै प्रतियोगी रेडियन्ट इभेन्ट म्यानेजमेन्ट एजेन्सीका बिभिन्न सौन्दर्य प्रतियोगीताका विजेता रहेका थिए। उनीहरूलाई रेडियन्ट इभेन्ट म्यानेजमेन्टका प्रबन्ध निर्देशक तथा फेसन कोच राज फैजु आफैले लिएर सहभागी थिए। प्रतियोगीतामा थुप्रै देशको सहभागीता रहेको थियो।

प्रतियोगीतामा नेपाली बालबालिकाले प्राप्त गरेको उपाधि नेपालको लागि ठुलो उपलब्धि भएको रेडियन्ट इभेन्ट म्यानेजमेन्टका प्रबन्ध निर्देशक तथा फेसन कोच राज फैजुले बताए। 'प्रतियोगीतामा सहभागीले नेपालका बिभिन्न कल्चर, भेषभुसा चिनाउनुको साथै उपाधिले नेपालको नाम पनि उचो बनाएका छन्', फैजुले थपे 'यस्ता बालबालिकालाई राज्यले पनि प्रोत्सन गर्नुपर्छ।' प्रतियोगीतामा संस्कृति, भेषभुषा प्रदर्शनको अलवा नेपालको पर्यटनको प्रवर्द्धन समेत कार्यक्रमबाट भएको फैजुको धारणा रहेको छ।

# कोरियोग्राफीमा जमेका कृष्ण

■ सबिता बस्याल

**काठमाडौं–** लामो अनुभव, निरन्तरको साधना, लगनशिलता, नृत्य शिल्प, श्रृजनाशिलता अनि इमान्दारिताले खारिएका नृत्यनिर्देशक हुन्, कृष्ण रसाल। २०५२ सालबाट नृत्यकारका रूपमा आफ्नो कला यात्राको आरम्भ गरेका रसाल पछिल्लो एक दशक यता नृत्यनिर्देशकका रूपमा सफल छन्। उत्कृष्ट नृत्य कम्पोज गर्नका लागि नृत्यनिर्देशकमा नृत्यको ज्ञान हुनै पर्छ भन्ने मान्यता अनुरूप आफुले लामो समय नृत्यकौशल सिकेको उनको भनाई छ।

स्कूले जीवनबाट नै नृत्यप्रति अगाध रुचि राख्ने रसालले २०५२ साल बाट औपचारिक रूपमा नृत्य सिक्न थालेका हुन्। रसालले शुरुमा काठमाडौंको बिजुलीबजारमा रहेको डायमण्ड एक्टिङ ट्रेनिंग इन्स्टिच्युटमा बरिष्ठ नृत्यनिर्देशक कमल राई र नबिन राईसँग नृत्यको प्रशिक्षण लिए। लोक नृत्य र मोर्डन नृत्यमा पोख्त रसालले २०५६ सालबाट बिभिन्न स्टेज तथा म्युजिक भिडियोहरूमा नृत्य र मोड्लिङ गर्न थालेका हुन्। उक्त समय कलाकार खोज्दै डान्स तथा अभिनय सिकाउने इन्स्टिच्युटहरूमा निर्माता, निर्देशक पुग्ने गर्थे। नृत्यमा खारिदै आएका कृष्ण पनि म्युजिक भिडियोका निर्देशकको आँखामा परिहाले। त्यसयता उनले गहिरो फेवाताल, लाठी चार्ज नगर, बनमा काँडा छ, बिहे गरे हतारै हतारमा, सम्धिनी सम्धिनी बार्ता गराइदिउ लगायत तीन सय भन्दा बढी गीतमा मुख्य मोडलका रूपमा नृत्य तथा अभिनय गरेका छन्। त्यसका अलवा उनले थुप्रै स्टेज कार्यक्रमहरूमा समेत आफ्नो प्रस्तुति दिइसकेका छन्।

बिभिन्न म्यजिक भिडियो तथा स्टेजमा नृत्य गर्दा गर्दै उनलाई गुरु कमल राईले आफ्नो असिस्टेन्टका रूपमा चलचित्रमा काम दिन थाले। चल्तीका नृत्य निर्देशक भएकोले राई प्रायः चलचित्रको गीतको छायाँकन सेटमै ब्यस्त हुन्थे। तत्कालिन समयमा चलचित्रको छायाँकन नेगेटिभमा हुने गर्थ्यो। यसैले धेरै रिल खर्च नहोस् भनेर गीतको छायाँकन अघि कलाकारलाई नृत्यको अभ्यास गराउने गरिन्थ्यो। राई छायाँकनमै ब्यस्त हुने भएकोले रसालले चलचित्रका गीतमा नृत्य कम्पोज गर्ने र कलाकारलाई अभ्यास गराउने काम गर्न थाले। रसालले नृत्य कम्पोज गर्दा केही न केही नयाँ र नौलो स्टेपहरू दिन थाले। जसबाट प्रभावित भएका राईले उनलाई सय भन्दा बढी चलचित्रका गीतमा आफ्नो मुख्य सहायक नृत्यनिर्देशकका रूपमा कोरियोग्राफीको काम दिए।

निरन्तरको नृत्य साधना र लामो समय सम्म सहायक नृत्य निर्देशकका रूपमा संगालेको अनुभवले २०७० सालबाट भने उनी नृत्यनिर्देशकका रूपमा फष्टलाईनमा आए। गीतको शब्द लय र त्यसमा प्रयोग गरिएका बाजाको ताल तथा भाव अनुसार नृत्य कम्पोज गर्नु पर्ने उनको बुझाई छ। नेपाल भौगोलिक अनि साँस्कृतिक रूपमा बिबिधताको देश हो। यहाँ हरेक समुदाय अनुसार फरक फरक नृत्यहरू नाचिन्छ। त्यसैले गीतको शैली अनुसार नृत्यलाई न्याय गर्ने गरि नृत्यका स्टेपहरू कम्पोज गर्नुका साथै भेषभुषाको छनौटमा पनि नृत्यनिर्देशक चनाखो हुनुपर्ने रसाल बताउँछन्। मोर्डन नृत्यमा नयाँ र नौलो टेष्ट दिन सफल रसाल लोक नृत्यमा भने मौलिकता मर्न नदिने बताउँछन्। गीतमा प्रयोग भएका प्रोपर्टी, कोरस, कलाकार तथा भेषभुषाको उत्कृष्ट संयोजन नै नृत्यनिर्देशकको पहिलो काम भएको उनको बुझाई छ। त्यसो त नृत्यलाई कलाको बिशिष्ट माध्यमका रूपमा पनि बुझ्ने गरिन्छ। नृत्यमा कथा हुन्छ, अभिनय हुन्छ अनि भावना प्रस्तुत हुन्छ। गीतका श्रष्टा सर्जकहरूको त्यो कथा अनि भावनालाई समेत नृत्य निर्देशकले न्याय गर्न सक्नु पर्छ। यसका साथसाथै मनमोहक ढंगले दर्शकलाई बाधिराख्न सक्नु पर्छ। रसाल यि सबै कुरामा उत्कृष्ट सावित भएका छन्।



त्यसैले उनको कोरियोग्राफीले देश तथा बिदेशमा समेत चर्चा पाएको छ। नेपाली, भोजपुरी, बंगाली र हिन्दी गरि दुई सय पचास भन्दा बढी गीत र कयौं स्टेज शोहरूमा रसालले नृत्यको कोरियोग्राफी गरिसकेका छन्। पुर्व देखि पश्चिम सम्म, तोरी पयालै, हे कान्छी, कुसुमे रुमाल, सातैसुरमा, माया कै मलाई पिर, दशैं आयो, ओ मेरो हेण्डसम जस्ता चर्चित गीतका नृत्यनिर्देशक रसालले थुप्रै भोजपुरी र बंगाली गीतमा पनि कोरियोग्राफी गरिसकेका छन्। उनको नृत्य कोरियोग्राफीको चर्चा नेपालमा मात्र सिमित छैन। बलिउडको प्रख्यात जी म्युजिकले नेपालमा छायाँकन गरेको हिन्दी गीत कुछ तो हेमा समेत उनले कोरियोग्राफी गरेका छन्। रसालले काम गरेका भिडियो हेरेरै उनलाई यो गीतको अफर आएको थियो।

इण्डियन आइडलको निर्णायक समेत रही सकेकी गायिका ज्योतिका टाङ्रीको यो गीत बलिउडमा समेत चर्चित गीत हो। जी म्युजिकको उक्त गीतपछि हिन्दी गीतको कोरियोग्राफीका लागि पनि रसाललाई अफर आइरहेको छ। यस्ता अफरलाई आफ्नो कलालाई विश्वबजारमा फैलाउने एउटा खुड्किलाका रूपमा रसालले लिएका छन्। त्यसो त रसालले नेपालमा मात्र नभएर चिन, दुवई, सिंगापुर, कतार, बहरान, ओमन, कुबेतलगायत देशमा कयौं पटक स्टेज कार्यक्रम प्रस्तुत गरेका छन्। विदेशी नृत्यलाई समेत नेपाली लोक तथा मोर्डन नृत्यसँग फ्युजन गरेर प्रस्तुत गर्न सक्ने रसालले प्रवासी नेपाली सँगै विदेशी दर्शकको समेत मन जितेका छन्।

नृत्यकारका रूपमा थुप्रै अवार्ड तथा सम्मानहरू प्राप्त गरेका रसालले नृत्यनिर्देशकका रूपमा पनि कयौं अवार्ड तथा सम्मानहरू प्राप्त गरेका छन्। रसालले जिनियस म्युजिक अवार्ड, नेपाल म्युजिक एण्ड फेशन अवार्ड, हिमालयन इन्टरनेशनल अवार्ड, बुष्टर अवार्डलगायतका समारोहमा उत्कृष्ट नृत्यनिर्देशकको अवार्ड प्राप्त गरेका छन्। नृत्यलाई नजिकबाट बुझेका र नृत्यमै जीवनको उर्वर समय विताएका रसालले बिभिन्न नृत्य प्रतियोगीताहरूमा निर्णायकका रूपमा समेत काम गरेका छन्। उनले हिमालयन टेलिभिजनबाट प्रसारण भएको रियालिटी शो लेटमी डान्स, एण्ड डि ए डान्स कम्पिटिसन, निर्भना डान्स प्रतियोगिता, काब्या म्युजिक अवार्डजस्ता नृत्यप्रतियोगीता तथा अवार्डहरूमा निर्णायक भई काम समेत गरेका छन्। नेपाली नृत्यको प्रवर्द्धनमा समेत सक्रिय रसाल नेपाल लोक साँस्कृतिक प्रतिष्ठानको उपाध्यक्ष, नृत्य निर्देशक संघ नेपालको कार्यकारी सदस्य, पर्यौं कला प्रतिष्ठानको मानार्थ सदस्य र देश प्रदेश म्युजिक प्रा.लिको सल्लाहकारका रूपमा समेत सक्रिय छन्।

## रङशाला

# साफमा नेपालको पहिलो खेल बंगलादेश र पाकिस्तानसँग

■ प्रभाव संवाददाता

**काठमाडौं–** उमेर समूहको दक्षिण एसियाली फुटबल प्रतियोगिता साफ यू-१६ र यू-१९ को खेल तालिका सार्वजनीक भएको छ।

दक्षिण एसियाली फुटबल महासंघले सार्वजनीक गरेको तालिका अनुसार नेपालले यू-१६ को पहिलो खेल बंगलादेशसँग र यू-१९ को पहिलो खेल पाकिस्तानसँग खेल्ने भएको छ।







आईतबार सार्वजनीक तालिका अनुसार यू-१६ मा नेपाल, भारत रहेको समुह एमा परेको छ। जुन समुहमा बंगलादेश छ।

यस्तै, यू-१९ मा नेपाल, माल्दिभ्स र पाकिस्तान सम्मिलित समूह एमा परेको छ। यू-१६ प्रतियोगिता भुटानको थिम्पुमा सेप्टेम्बर १ देखि १० सम्म हुदैछ भने यू-१९ प्रतियोगिता नेपालको काठमाडौंमा सेप्टेम्बर २१ देखि ३० सम्म हुदैछ। यू-१६ मा सेप्टेम्बर २ मा बंगलादेशसँग खेल्ने नेपालले सेप्टेम्बर ५ मा भारतसँग खेल्नेछ।

यस्तै, यू-१९ मा सेप्टेम्बर २१ मा पाकिस्तानसँग खेल्ने नेपालले सेप्टेम्बर २५ मा माल्दिभ्ससँग खेल्नेछ। साफले उमेर समुहका खेलाडीलाई एक्सपोजर दिने उद्धेश्यले उमेर समूहका प्रतियोगिता हरेक वर्ष सञ्चालन गर्दै आएको छ। नेपालले यस वर्ष साफको उमेर समूहको यू-१९ प्रतियोगिताको आयोजना गर्दैछ।

# करातेमा योङ हार्ट्सलाई उपाधि

■ प्रभाव संवाददाता

**काठमाडौं–** सन साईन कप अन्तर विधालय वादोरियो कराते प्रतियोगिताको उपाधि योङ हार्ट्स स्कुल, जोरपाटीले जितेको छ। प्रथम हुन सफल योङ हार्ट्सले ११ स्वर्ण, ५ रजत र ७ कास्य पदक हात पार्‍यो। टिम दोस्रो हुन सफल मदर्स ईन्टरनेसनल स्कुलले ८ स्वर्ण, ४ रजत र ३ कास्य पदक तथा टिम तेस्रो हुन सफल नव दिक्षित पाठशालाले ३ स्वर्ण ३ रजत र ४ कास्य पदक जित्न सफल भयो। अनुशासित टिमको उपाधि मेन डोजो चक्रपथले जित्न सफल भयो।

उत्कृष्ट खेलाडीको उपाधी पुरुषतर्फ योङ हार्ट्सका समीर लामा तथा महिलामा रन्जना चाम्लिङले जितिन्। उदयीमान खेलाडीको उपाधि ग्लोबल भिजनका रोशन लामा तथा एभरेस्ट स्कुलकी प्राथर्ना बज्राचार्यले जित्न सफल भए। प्रतियोगिताको उद्घाटन पूर्व मन्त्री राजेन्द्रप्रसाद श्रेष्ठले गरेका थिए।



विजेतालाई राष्ट्रिय खेलकुद परिषद्का उपाध्यक्ष शिव कोईराला, नेपाल कराते महासंघका वरिष्ठ उपाध्यक्ष तथा वादोरियो करातेका प्रमुख प्रशिक्षक हरिशरण केसी, विधालयका प्रधानध्यापक बाबुराम गौतम, वादोरियो कराते डो संघका उपाध्यक्ष यादबलाल श्रेष्ठ, महासचिव प्रतीक्षा श्रेष्ठ, कोषाध्यक्ष पुरुषोत्तम पोखरेल, प्रशिक्षक सूर्य राई, केन्द्रीय सदस्य लक्ष्मी रिजाल शर्मालगायतले पुरस्कृत गरेका थिए।

# जापानमा गौरिका र नासिरको कीर्तिमान





■ प्रभाव संवाददाता

**काठमाडौं–** नासिर याह्या हुसेन र गौरिका सिंहले जापानको फुकुओकामा आयोजना भएको २० औं संस्करणको वर्ल्ड एक्वाटिक च्याम्पियनसिप २०२३ मा नयाँ राष्ट्रिय कीर्तिमान कायम गरेका छन्।

नेपाल पौडी संघका अध्यक्ष अशोक बज्राचार्यका अनुसार २०० मिटर फ्रिस्टायलमा नासिरले १ मिनेट ५७ दशमलव २६ सेकेन्ड समयका साथ आफ्नो नाममा थप नयाँ राष्ट्रिय किर्तिमान बनाएका हुन्।

यसअघि नासिरको नाममा १ मिनेट ५८ दशमलव २३ सेकेन्डको राष्ट्रिय किर्तिमान रहेको थियो। नासिरले सो किर्तिमान ११ औं एनएसए कप च्याम्पियनसिपमा राखेका थिए।

नासिरले भएको ४०० मिटर फ्रिस्टायलमा पनि ४ मिनेट ८ दशमलव २३ सेकेन्ड समयको नयाँ राष्ट्रिय किर्तिमान कायम गरेका थिए।

मंगलबार (आज) डुवाना लामाले २ सय मिटर फ्रिस्टायलमा प्रतिस्पर्धा गर्ने टोली व्यवस्थापक नरेश बैद्यले जानकारी गराएका छन्। बिश्व पौडी महासंघले आफ्नो नाम फिनालाई परिवर्तन गर्दै वल्ड एक्वाटिक्सको नामाकरण गरेको छ।

### गौरिकाको कीर्तिमान

जापानको फुकुओकामा आयोजना भइरहेको २० औं वर्ल्ड एक्वाटिक च्याम्पियनसिप २०२३ मा नेपाली पौडी खेलाडी गौरिका सिंहले नयाँ राष्ट्रिय कीर्तिमान बनाएकी छन्।

१३औं सागकी ४ स्वर्ण पदकधारी गौरिकाले १०० मिटर ब्याक स्ट्रोकमा १ मिनेट ६.८० सेकेन्ड समयमा दूरी पूरा गर्दै आफ्नै नाममा रहेको राष्ट्रिय कीर्तिमानमा सुधार गरेकी नेपाल पौडी संघका अध्यक्ष अशोक बज्राचार्यले जानकारी गराएका छन्। गौरिकाको यसअघिको भारतको गुवाहटीमा आयोजना भएको १२ औं दक्षिण एशियाली खेलकुदमा १ मिनेट ७.३१ सेकेन्ड समयको रेकर्ड बनाएकी थिइन्।

अर्की खेलाडी डुवाना लामाले मंगलबार २०० मिटर फ्रिस्टायलमा प्रतिस्पर्धा गर्ने टोली व्यवस्थापक नरेश बैद्यले जानकारी गराएका छन्। विश्व पौडी महासंघले आफ्नो नाम फिनालाई परिवर्तन गर्दै वर्ल्ड एक्वाटिक्सको नामाकरण गरेको छ।

# भारतलाई हराउँदै पाकिस्तान बन्यो च्याम्पियन

**काठमाडौं (प्रस)–** एसिसी इमर्जिङ एसिया कपको उपाधि पाकिस्तान 'ए' ले जितेको छ। भारत 'ए' लाई १२८ रनको फराकिलो अन्तरले हराउँदै पाकिस्तान ए च्याम्पियन बनेको हो।

श्रीलंकाको कोलोम्बामा सम्पन्न खेलमा भारतले टस जितेर पहिले फिल्डिङ रोजेको थियो। तर पाकिस्तानले ८ विकेट गुमाएर ३५२ रनको फराकिलो लक्ष्य प्रस्तुत गर्‍यो।

३५३ रनको विशाल लक्ष्य पछ्याएको भारतले लगातार विकेट गुमाउँदै ४० ओभरमा सबै विकेट गुमाएर २२४ अलआउट भयो। फाइनल जित्दै पाकिस्तान ए ले भारत ए सँग समूह चरणमा बेहोरेको हारको बदला समेत लिएको छ।

भारतका लागि ओपनर अभिषेक शर्माले अर्धशतक बनाए। उनले ५१ बलमा ५ चौका र १ छक्का प्रहार गर्दै सर्वाधिक ६१ रन बनाए। ओपनरद्वय साई सुदर्शन र अभिषेक शर्माले पहिलो विकेटका लागि ८.३ ओभरमै ६४ रनको साझेदारी गर्दै आक्रामक सुरुवात दिलाएका थिए। तर साई सुदर्शन २९ रन बनाएर आउट भएपछि भारतले नियमित अन्तरालमा विकेट गुमायो। त्यसअघि पाकिस्तानका तयाब ताहिरले ७१ बलमा १२ चौका र ४ छक्का मद्दतमा आक्रमक १०८ रन बनाएपछि पाकिस्तानले उच्च स्कोर बनाएको थियो।

यसअघि पाकिस्तानले २०१९ मा इमर्जिङ कप जितेको थियो। श्रीलंका यू- २३ टिमले २०१७ र २०१८ मा लगातार उपाधि जितेको थियो। २०१३ मा भएको पहिलो संस्करणको उपाधि भारत २३ ले जितेको थियो।

# चीनमा व्यायामशालाको छाना भत्किँदा ११ जनाको मृत्यु

**बेइजिङ–** उत्तरपूर्वी चीनमा एक विद्यालयको व्यायामशालाका लागि बनाइएको हलको छाना भत्किँदा ११ जनाको मृत्यु भएको चीनको सरकारी सञ्चारमाध्यमले सोमबार जानकारी दिएका छन् ।

हेइलोङजियाङ प्रान्तको किकिहारमा निर्माण कर्मीहरूले भवनको छतमा पानी जम्मा गर्न अवैधरूपमा संरचना बनाएको र अत्यधिक भारका कारण उक्त भवन भत्किएको सरकारी समाचार संस्था सिन्ह्वाले जनाएको छ । सरकारी सञ्चारमाध्यमका अनुसार सरकारी प्रसारक सिसिटिभीले प्रसारण गरेको फुटेजमा कंक्रिटको स्ल्याबबाट बनेको छाना पूरै ढलेको देखिएको छ ।

उद्धारकर्मीहरूले पीडितहरूसम्म पुग्नका लागि कंक्रिट र घुमाउरो धातुको ठूलो टुक्राहरू तोडेको फुटेजले देखाएको छ । 'दुर्घटनामा परी ११ जनाको मृत्यु भएको छ,' सरकारी प्रसारक सिसिटिभीले जनाएको छ ।

दुर्घटनाको गहन अनुसन्धान भइरहेको र निर्माण कम्पनीका प्रमुखलाई प्रहरी हिरासतमा राखिएको सरकारी सञ्चारमाध्यमले जनाएका छन् । सिन्ह्वाका अनुसार ३४ नम्बरको मिडिल स्कुलको जिम आइतबार दिउँसो ३ बजेतिर ढलेको थियो ।

स्थानीय पत्रिका हेइलोङजियाङ डेलीका अनुसार दुर्घटना हुँदा १९ जना जिममा थिए । चार जनालाई भग्नावशेषबाट बाहिर निकालिएको र अन्य चार जनाले दुर्घटनापछि भागेर ज्यान बचाउन सफल भएका छन् । करिब १६० अग्निनियन्त्रक र ३९ वटा फायर ट्रकको खोजी तथा उद्धार कार्य सम्पन्न भएको सिसिटिभीले जनाएको छ ।

नाम नखुलाइएको एक स्रोतले सरकारी स्वामित्वको चोङकिङ न्युजलाई बताएअनुसार छानामा थुप्रिएका सामग्रीको बारेमा भत्किनुअघि नै चिन्ता व्यक्त गरिएको थियो । 'व्यायामशाला २० वर्षभन्दा पहिले निर्माण गरिएको थियो र धेरै ठाउँ लामो समयदेखि जीर्ण अवस्थामा पुगेको थियो,' स्रोतलाई उद्धृत गर्दै रोयटर्सले भनेको छ, 'छतमा थुप्रिएका सबै सामानले केही न केही होला कि भनेर सबै चिन्तित थिए ।'

गत महिना चीनको उत्तरपश्चिमी क्षेत्रमा रहेको बारबेक्यू रेस्टुरेन्टमा भएको विस्फोटमा ३१ जनाको मृत्यु भएको थियो भने कार्यस्थलको सुरक्षाका लागि राष्ट्रव्यापी अभियान सञ्चालन गर्ने औपचारिक प्रतिबद्धता व्यक्त गरिएको थियो । गत अप्रिलमा बेइजिङको एक अस्पतालमा भएको आगलागीमा परी २९ जनाको मृत्यु भएको थियो भने केहीले झ्यालबाट हाम फालेर भाग्न सफल भएका थिए ।

सन् २०१५ मा तियानजिनमा रासायनिक गोदाममा भएको ठूलो विष्फोटमा १६५ जनाको मृत्यु भएको थियो । यो चीनमा भएको सबैभन्दा खराब दुर्घटनामध्ये एक हो । *रासस/एएफपी*

# नोबेल पुरस्कार विजेता युनुसलाई ११ लाख डलर कर तिर्न निर्देशन

**ढाका–** बंगलादेशको सर्वोच्च अदालतले नोबेल पुरस्कार विजेता तथा माइक्रोफाइनान्सका अगुवा मोहम्मद युनुसलाई तीन वटा परोपकारी ट्रस्टलाई दिएको ७० लाख अमेरिकी डलर दानमा १० लाख डलरभन्दा बढी कर तिर्न आदेश दिएको छ ।

हाल प्रधानमन्त्री शेख हसिनासँग टाढिएका भनिएका आफ्नो अग्रणि माइक्रो क्रेडिट बैंकबाट लाखौंलाई गरिबीबाट माथि उकास्ने श्रेय पाएका ८३ वर्षीय युनुसलाई सामाजिक कामका नाममा गरिबहरूको 'रगत र पसिना चुस्दै' आएको आरोप लगाइएको छ । उनलाई सन् २००६ मा आर्थिक विकासका लागि नोबेल शान्ति पुरस्कार प्रदान गरिएको थियो ।

युनुसका वकिल सरदर जिन्नत अलीले एएफपीसँग भने, 'सर्वोच्च अदालतले हामीले तल्लो अदालतबाट भएको आदेशको खारेजीका लागि गरेको निवेदन खारेज गरिदिएको छ ।'

अलीले भने, 'तल्लो अदालतको निर्णयलाई सदर गर्दै अदालतले आइतबार युनुसलाई भुक्तानी गर्नैपर्ने फैसला सुनाएको छ ।' बंगलादेशको कानुनले ट्रस्टलाई चन्दाका लागि कर छुटको व्यवस्था गरेको छैन ।

युनुसले सन् २०११ देखि २०१४ को बीचमा प्रोफेसर मोहम्मद युनुस ट्रस्ट, युनुस फ्यामिली ट्रस्ट र युनुस सेन्टरलाई ७६ करोड ७० लाख टाका (७० लाख अमेरिकी डलर) दान गरेका थिए । अदालतले उनलाई १५ करोड टाका (१.४ करोड अमेरिकी डलर) को कूल कर बिल तिर्न आदेश दिएको छ, जसमध्ये ३० मिलियन टाका उनले करस्वरूप पहिले नै तिरिसकेका छन् ।

युनुसले सन् १९८० को दशकमा स्थापना गरेको ग्रामीण बैंकमार्फत दशौं लाख ग्रामीण महिलाहरूलाई लघुवित्त कर्जा प्रदान गरेर बंगलादेशको चरम गरिबी उन्मूलनमा मद्दत पुऱ्याएका थिए ।

गत वर्ष बंगलादेशको भ्रष्टाचार विरोधी निगरानी निकायले युनुसको अध्यक्षता गर्ने फर्महरूको विस्तृत अनुसन्धान गर्न आदेश दिएको थियो र हसिनाले उनीमाथि व्यक्तिगत रूपमा आलोचना गरेका थिए । गत वर्षको जुनमा ढाका नजिकैको पुल खुल्दा हसिनाले युनुसलाई 'नदीमा डुबाउनुपर्ने' बताएका थिए ।

गत मार्चमा संयुक्त राष्ट्रसंघका पूर्वप्रमुख बान की मुन र पूर्वअमेरिकी विदेशमन्त्री हिलारी क्लिन्टनसहित ४० जना विश्व व्यक्तित्वले संयुक्त पत्र लेख्दै बंगलादेशलाई युनुसमाथिको 'अनुचित' आक्रमण र उत्पीडन रोक्न आग्रह गरेका थिए । *रासस/सिन्ह्वा*


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SHAPE WELL SALON

पूर्व स्वीकृति मिति : २०८०/०४/०८ | LT. No. 289695 | चलानी नं. ६०२०५०७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Mens Barber | 3 | 0 | 1100 | ३९,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AL HANQAH HOSPITALITY AND CLEANING SERVICES

पूर्व स्वीकृति मिति : २०८०/०४/०८ | LT. No. 289694 | चलानी नं. ६०२०५०८०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 1 | 0 | 1700 | ६१,२१५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | General Cleaning Worker | 1 | 0 | 1000 | ३६,०१० | | | | | | | |
| 3 | Supervisor | 3 | 0 | 2500 | ९०,०२० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० साउन १६ गते (1st Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Licence No.: 811/065/066

**दियालो इन्टरनेशनल इम्प्लोएमेन्ट एजेन्सी प्रा. लि.**

पो.ब. नं.: २०१९, सिनामंगल काठमाडौं, फोन नं. ०१-४५६०९२२, ४५६०६००,
ईमेल : diyalointl@gmail.com, www.diyalo.com.np



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL-KHALIFA COMPANY FOR ITS OWNERS, MOHAMMED AND ABDULAZIZ AL-KHALIFA FOR TRADE AND CONTRACTING IN SO

पूर्व स्वीकृति मितिः २०८०/०४/०७ | LT. 289612 | चलानी नं. ६०२०५०५२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver Heavy Equipment | 2 | 0 | 1800 | ६२,९१० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Heavy Truck Driver | 5 | 0 | 1800 | ६२,९१० | | | | | | | |
| 3 | Road Maintenance Worker | 5 | 0 | 1200 | ४१,९४० | | | | | | | |

कम्पनी : AL MUKHLAS RESTAURANT FOR POPULAR FOOD

पूर्व स्वीकृति मितिः २०८०/०४/०८ | LT. 289793 | चलानी नं. ६०२०५०९८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 2 | 0 | 1500 | ५२,४२५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Food And Beverage Counter Worker | 1 | 0 | 1500 | ५२,४२५ | | | | | | | |
| 3 | Kitchen Worker | 1 | 0 | 1000 | ३४,९४० | | | | | | | |

कम्पनी : BAKSHA BAKERY ESTABLISHMENT TO SERVE DRINKS

पूर्व स्वीकृति मितिः २०८०/०४/०८ | LT. 289794 | चलानी नं. ६०२०५०९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 1 | 0 | 1200 | ४१,९४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ALI AMER MOHAMMED AL SARHAN CONTRACTING EST

पूर्व स्वीकृति मितिः २०८०/०४/०८ | LT. 289797 | चलानी नं. ६०२०५०९७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | construction agent | 4 | 0 | 1000 | ३४,९४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : HIGH DAM GENERAL CONTRACTING COMPANY

पूर्व स्वीकृति मितिः २०८०/०४/०८ | LT. 289796 | चलानी नं. ६०२०५०९६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | ELECTRIC BUILDINGS | 2 | 0 | 1200 | ४१,९४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : NATIONAL CAPABILITIES COMPANY FOR COMMERCIAL SERVICES

पूर्व स्वीकृति मितिः २०८०/०४/०८ | LT. 289795 | चलानी नं. ६०२०५१००

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 5 | 0 | 1500 | ५२,४२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : NAGHAM MANSOUR HAMAD AL-AZURI GENERAL CONTRACTING EST

पूर्व स्वीकृति मितिः २०८०/०४/०८ | LT. 289792 | चलानी नं. ६०२०५०९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Agent | 1 | 0 | 1200 | ४१,९४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : PIONEERING RESTAURANT IDEAS FOR SERVING MEALS

पूर्व स्वीकृति मितिः २०८०/०४/०७ | LT. 289611 | चलानी नं. ६०२०५०५३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 4 | 0 | 1000 | ३४,९४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : INDIAN LIGHT RESTAURANT FOR SERVING MEALS

पूर्व स्वीकृति मितिः २०८०/०४/०७ | LT. 289702 | चलानी नं. ६०२०५०५०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 5 | 0 | 1000 | ३४,९४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० साउन १६ गते (1st Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**CENTRAL CAPITAL SERVICES PVT.LTD.** श्रम ईजाजत नं. ५७४/०६२/०६३

P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4479491/4479492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com



## युएई/मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : SHINY HOUSE CLEANING SERVICES EST.

पूर्व स्वीकृति मिति २०८०/०४/०८ | LT. No. 289848 | चलानी नं. ६०२०५११५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 30 | 30 | 800 | ३२,१२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : EMIRATES NATIONAL FACILITIES MANAGEMENT L.L.C.

पूर्व स्वीकृति मिति २०८०/०४/०५ | LT. No. 289640 | चलानी नं. ६०२०५०६०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner Female | 0 | 100 | 900 | ३२,१२५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner Male | 150 | 0 | 800 | २८,५५५ | | | | | | | |
| 3 | Office Boy. | 130 | 0 | 900 | ३२,१२५ | | | | | | | |
| 4 | Porter | 100 | 0 | 800 | २८,५५५ | | | | | | | |

कम्पनी : ALFA INDAH (BESERAH) SDN BHD

पूर्व स्वीकृति मिति २०८०/०४/०५ | LT. No. 289543 | चलानी नं. ६०२०५०५९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Shelf Filler | 2 | 0 | 1500 | ४३,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० साउन १६ गते (1st Aug. 2023) मा हुनेछ ।

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt.Lic. No. 1102/073/074

**(डि. के. रिभर ओभरसिज प्रा.लि)**
**DK RIVER OVERSEAS (P.) LTD.**
Tokha-09, Gangabu, Kathmandu,
Tel : 01-4980932/4982214/4955132
Mobile : 9851219532 Email : dkriverhr@gmail.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BONJOUR HOSPITALITY AND SERVICES

पूर्व स्वीकृति मिति २०८०/०४/०८ | LT. No. 289703 | चलानी नं. ६०२०५०७७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Clean Worker | 0 | 5 | 1000 | ३६,०१० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Labour | 0 | 5 | 1000 | ३६,०१० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० साउन १६ गते (1st Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**ALL RAHIM MANPOWER PVT. LTD.**
श्रम ईजाजत नं. १२६४/०७४/०७५
Chandol-4, Chappalkarkhana, Kathmandu, Nepal Tel: +977-1-4544429,
Mob. 9851141406, 9803922236 E-mail: allrahimhr@gmail.com /
info@allrahimmanpower.com, Website : allrahimmanpower.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SAUDI FACTORY COMPANY FOR TELEPHONE AND ELECTRICAL NETWORK SUPPLIES

पूर्व स्वीकृति मिति : २०८०/०४/०५ | LT. No. :289697 | चलानी नं. ६०२०४९४३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Mini Truck Driver | 01 | 0 | 1800 | ६३,०७० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Heavy Truck Driver | 01 | 0 | 2000 | ७०,०७५ | | | | | | | |
| 3 | Manufacturing Worker | 10 | 0 | 1000 | ३५,०४० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० साउन १६ गते (1st Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**All Asia Overseas Pvt.Ltd**
श्रम ईजाजत नं. १३०५/०७४/०७५
Santinagar Chowk, Kareshwor Marga, New Baneshwor-31, Kathmandu, Nepal
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SAUD ABDULLAH AL-TWIM ADVERTISING AGENCY

पूर्व स्वीकृति मिति २०८०/०४/०८ | LT. No. 289834 | चलानी नं. ६०२०५१११

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facility Cleaning Worker | 1 | 0 | 1000 | ३४,९५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० साउन १६ गते (1st Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**AL-HAYAT MANAGEMENT SYSTEM PVT. LTD.** (Kumari Overseas Services Pvt. Ltd.)
श्रम ईजाजत नं. ३३६/०५९/०६०
Sinamangal - 9, Ktm, Nepal, Tel : +977 1 4112588 , 4111286, 4111287 Fax : +977 1 4112590



## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१ । **Reachmond Books Shop** (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । **Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217** । दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञानज्योति पुस्तक पसल – बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार–सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी–बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी– गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । **B-Tech Nepal-** पुतलीसडक चोक, फोन नं.**9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi)** जमलको पुलमुनी– विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१–४२७६५३०, फ्याक्सः०१–४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१–४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट –९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१– ४२२४१८१, ०१– ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य
छापावाला सुन / तेजाबी सुन / चाँदी
प्रति तोला - ११२८०० प्रति तोला - ११२२५० प्रति तोला - १४८०



**रेशम खेती** | गोरखाको सहिद लखन गाउँपालिका-६, स्थित ज्यामिस्वाँरामा मनकामना रेशम खेती कृषि समूहले व्यावसायिक रूपमा गरेको रेशम कीराको खेती ।
*तस्बिर: दीपक श्रेष्ठ/रासस*

## व्यापार घाटा साढे १४ खर्बभन्दा बढी

■ प्रभाव संवाददाता

**काठमाडौं–** गत आर्थिक वर्ष २०७९/८० मा नेपालले साढे १४ खर्बभन्दा बढीको व्यापारघाटा व्यहोरेको छ। भन्सार विभागले सोमबार सार्वजनिक गरेको गत आर्थिक वर्षको वैदेशिक व्यापारसम्बन्धी विवरणअनुसार गत असार मसान्तसम्ममा नेपालले कुल रू १४ खर्ब ५४ अर्ब ५९ करोड १० लाख बराबरको व्यापार घाटा व्यहोरेको देखिएको हो ।

अघिल्लो वर्षको तुलनामा भने व्यापारघाटा १५ दशमलव ४५ प्रतिशतले घटेको छ। अघिल्लो आर्थिक वर्ष २०७८/७९ मा नेपालले कुल रू १७ खर्ब २० अर्ब ४१ करोड ७३ लाख बराबरको व्यापार घाटा व्यहोरेको थियो ।

अघिल्लो वर्षको तुलनामा गत आर्थिक वर्ष नेपालको समग्र वैदेशिक व्यापारसमेत १६ दशमलव ५८ प्रतिशतले घटेको छ । अघिल्लो आर्थिक वर्षमा रू २१ खर्ब २० अर्ब ४७ करोड ७३ लाख बराबरको वैदेशिक व्यापार भएकोमा गत वर्ष भने रू १७ खर्ब ६८ अर्ब ८७ करोड २४ लाखमा सीमित भएको देखिएको हो ।

विभागको तथ्याङ्कअनुसार गत आर्थिक वर्ष मुलुकले कुल रू १६ खर्ब ११ अर्ब ७३ करोड १७ लाख बराबरको मालवस्तु आयात गर्दा रू एक खर्ब ५७ अर्ब १४ करोड छ लाख बराबरको मात्रै निर्यात गरेको छ। अघिल्लो आर्थिक वर्षको तुलनामा गत वर्ष आयात १६ दशमलव ०८ र निर्यात २१ दशमलव ४४ प्रतिशतले घटेको छ।

गत आर्थिक वर्ष नेपालले गरेको कूल वैदेशिक व्यापारमा आयातको हिस्सा ९१ दशमलव १२ प्रतिशत र निर्यातको हिस्सा आठ दशमलव ८८ प्रतिशत बराबर छ। अर्थात् नेपालले गरेको कूल निर्यातको तुलनामा कूल आयात १० दशमलव २६ गुणाले बढी हो। गत वर्ष आयातित वस्तुबाट कूल रू तीन खर्ब ७७ अर्ब २६ करोड चार लाख बराबरको भन्सार राजस्व उठेको छ।

बढी आयात हुने वस्तुमा पेट्रोलियम पदार्थ पहिलो नम्बरमा देखिएको छ। गत वर्ष नेपालले सबैभन्दा धेरै रू एक खर्ब ५३ अर्ब ७७ करोड बराबरको डिजेल मात्रै आयात गरेको छ। त्यस्तै, रू ६६ अर्ब ८४ करोड ४८ करोड बराबरको पेट्रोल र रू ५८ अर्ब १५ करोड ४१ लाख बराबरको खाना पकाउने ग्यास आयात भएको छ।

फलामजन्य वस्तुको आयातमा रू ४३ अर्ब ६० करोड, कच्चा सोयाबिन तेल आयातमा रू ३५ अर्ब ५८ करोड, कोइला आयातमा रू २७ अर्ब १२ करोड र कच्चा पाम तेल आयातमा रू २५ अर्ब ९१ करोड बराबर बाहिरिएको देखिन्छ।

बढी निर्यात भएका वस्तुमा कार्पेट पहिलो नम्बरमा छ । गत आर्थिक वर्ष नेपालले रू ११ अर्ब ५० करोड ६६ लाख बराबरको कार्पेट निर्यात गरेको छ। त्यस्तै, रू १० अर्ब ७१ करोड बराबरको प्रशोधित पाम तेल, रू आठ अर्ब ४७ करोड बराबरको सोयाबिन तेल र रू आठ अर्ब २७ करोड बराबरको अलैंची निर्यात गरेको छ।

## 'अर्थतन्त्रलाई चलायमान बनाउने मौद्रिक नीति आएन'

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल राष्ट्र बैंकले आइतबार सार्वजनिक गरेको चालु आर्थिक वर्ष २०८०/८१ को मौद्रिक नीतिले विद्यमान अर्थतन्त्रका समस्या समाधान गर्न नसक्ने निजी क्षेत्रले महसुस गरेको छ।

उच्च ब्याजदर, न्यून माग, नगद प्रवाहमा भएको समस्या, न्यून उत्पादन एवं रोजगारी कटौती, निजी क्षेत्रको घट्दो मनोबल तथा नयाँ लगानीका योजना स्थगनलगायतका विद्यमान अर्थतन्त्रका चुनौतीहरूको सामना गर्ने गरी मौद्रिक नीति आउने अपेक्षा निजी क्षेत्रको थियो । तर, मौद्रिक नीतिमार्फत केन्द्रीय बैंकले लिएको नीतिले अर्थतन्त्रलाई मन्दीको अवस्थाबाट उकास्न सहयोग पुग्ने नदेखिने निजी क्षेत्रको ठहर छ।

नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ र नेपाल चेम्बर अफ कमर्सले सोमबार संयुक्त प्रेस विज्ञप्ति जारी गर्दै यस्तो ठहर गरेका हुन्। 'मौद्रिक नीतिमा गरिएका अधिकांश व्यवस्थाको प्रभाव यससम्बन्धी निर्देशिका सार्वजनिक नभई यकिन हुन नसक्ने देखिएको छ', विज्ञप्तिमा भनिएको छ, 'केन्द्रीय बैंकले मौद्रिक नीतिको कार्यदिशा अर्थतन्त्रलाई चलायमान बनाउन सजगतापूर्वक लचिलो मौद्रिक नीति ल्याइएको भनिए पनि यसले लिएका प्रावधानले त्यसलाई पुष्टि गर्न सकेको देखिँदैन ।'

गत आर्थिक वर्षको मौद्रिक नीतिले निजी क्षेत्रमा जाने ऋण लक्ष्य १२.६ प्रतिशत राखेकोमा चालु आर्थिक वर्षका लागि यस्तो लक्ष्य ११.५ प्रतिशतमा झारिएको छ। यसरी निजी क्षेत्रमा विस्तार हुने कर्जा संकुचित गर्दा बजेटमार्फत सरकारले लिएको ६ प्रतिशतको आर्थिक जृद्धिको लक्ष्य हासिल गर्न कठिन हुने निजी क्षेत्रको निष्कर्ष छ।

मौद्रिक नीतिमार्फत उच्च ब्याजदर वृद्धि नियन्त्रणका लागि पहलकदमी लिइने अपेक्षा निजी क्षेत्रको थियो । राष्ट्र बैंकले बैंक दरलाई यथाव् राख्दै नीतिगत दर ०.५ प्रतिशतले घटाएको छ। 'यसले ब्याजदर घटाउन सहयोग गर्ने देखिँदैन', विज्ञप्तिमा भनिएको छ, 'निर्देशिकामार्फत बैंकको आधार दर घटाउनका लागि सम्पूर्ण उपकरण उपयोग गर्न केन्द्रीय बैंकलाई हाम्रो सुझाव छ।'

ऋणीहरूको असल कर्जामा बैंक तथा वित्तीय संस्थाहरूले गर्ने १.३ प्रतिशतको कर्जा नोक्सानी व्यवस्थालाई पुन: १ प्रतिशत नै कायम गरिनुपर्ने, मागमा आएको कमीबाट प्रभावित उद्योग वा कर्जाग्राहीलाई बैंक तथा ऋणीहरूको सहमतीमा कर्जा पुनर्तालिकिकरण तथा पुनर्संरचना गर्न दिइनुपर्ने, पुर्नकर्जाको सुविधा उपलब्ध गराउनुपर्ने र ब्याजमा न्युन प्रिमियम राख्नुपर्नेलगायतका सुझाव निजी क्षेत्रको थियो। 'यी सुझावलाई मौद्रिक नीतिले सम्बोधन नगर्दा अर्थतन्त्र चलायमान हुन नसक्ने हाम्रो बुझाइ छ', विज्ञप्तिमा उल्लेख छ।

मौद्रिक नीतिमा बैंक तथा वित्तीय संस्थाहरूको मागअनुसार चालुपुँजी कर्जा मार्गदर्शनमा आवश्यक पुनरावलोकन गरिने उल्लेख छ। 'बैंक र व्यवसायीलाई नै यसबारे निर्णय गर्न दिइए यसले बजारमा विश्वास बढाउनेछ', विज्ञप्तिमा भनिएको छ, 'यसबारे थप प्रष्ट हुनु जरुरी देखिन्छ।'

ठूला ऋणीहरूको सुपरिवेक्षणलाई प्रभावकारी बनाउन छुट्टै मार्गदर्शन जारी हुने भनिएको छ । यसबारे गरिने व्यवस्थाले गत बर्ष जारी गरिएको चालुपुँजी कर्जा मार्गदर्शनझैँ निजी क्षेत्र निरुत्साहित हुनसक्ने आशंका पनि जन्माएको निजी क्षेत्रले जनाएको छ।

पहिलो आवासीय घर कर्जाको सीमा डेढ करोडबाट वृद्धि गरी २ करोड पुऱ्याउने, अमेरिकी डलर सटही सुविधा २५०० पुऱ्याउने, सेयर धितो कर्जा, रियलस्टेट तथा हायर पर्चेज कर्जाको जोखिम भार घटाउने निर्णय सकारात्मक छन्। 'तर, जोखिम भार कति रहने भन्ने विषय अन्यौलमै रहेको छ', विज्ञप्तिमा भनिएको छ।

वित्तीय श्रोतलाई उत्पादनशील क्षेत्रमा प्रवाह गराई आन्तरिक उत्पादन क्षमता अभिवृद्धि गर्नेतर्फ मौद्रिक नीतिको कार्यदिशा हुने व्यवस्था समेटिएको छ । यसमा समग्र उत्पादनमुलक क्षेत्रका लागि के सुविधा दिने भन्ने प्रस्ट नरहेको निजी क्षेत्रले जनाएको छ।

समग्रमा अर्थतन्त्रमा चरम निराशा रहेको अवस्थामा मौद्रिक नीतिले निजी क्षेत्रको विश्वास बढाई अर्थतन्त्र चलायमान बनाउन सक्ने कार्यक्रम तत्कालका लागि ल्याउन सकेको निजी क्षेत्रको ठहर छ।

## कर्पोरेट

### सिद्धार्थ बैंक गोल्ड अवार्डबाट सम्मानित




**काठमाडौं (प्रस)–** सिद्धार्थ बैंक बैकिङ क्षेत्रको 'उत्कृष्ट वार्षिक वित्तीय प्रतिवेदन २०२२' अवार्डबाट सम्मानित भएको छ । नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले आर्थिक वर्ष २०२१/२२ मा प्रकाशित वार्षिक प्रतिवेदनका आधारमा बैंकिङ क्षेत्रको उत्कृष्ट वित्तीय प्रतिवेदन-गोल्ड अवार्ड बैंकलाई प्रदान गरेको हो ।

सिद्धार्थ बैंक गत वर्ष पनि 'उत्कृष्ट वार्षिक वित्तीय प्रतिवेदन २०२१' अवार्डबाट सम्मानित भएको थियो। अर्थमन्त्री डा. प्रकाशशरण महतले सिद्धार्थ बैंकका प्रमुख कार्यकारी अधिकृत सुन्दरप्रसाद कँडेललाई उक्त पुरस्कार हस्तान्तरण गरेका छन्। उक्त अवार्डले बैंकलाई आगामी दिनमा अझ बढी परिस्कृत वित्तीय विवरण प्रकाशित गर्न हौसला मिलेको जनाएको छ।

### ४० मेगावाट अपर चमेलियाको उद्घाटन

**काठमाडौं (प्रस)–** दार्चुला र बैतडीको सीमा भएर बग्ने चमेलिया नदीमा ४० मेगावाट क्षमताको अपर चमेलिया जलविद्युत् आयोजनाको उद्घाटन गरिएको छ।

गत शुक्रबार परीक्षण गरिएको अपर चमेलियाको दार्चुलाका प्रमुख जिल्ला अधिकारी किरण जोशी, जिल्ला प्रहरी कार्यालय दार्चुलाका प्रहरी नायब उपरीक्षक तर्कराज पाण्डे र मार्मा गाउँपालिकाका अध्यक्ष जमनसिंह धामीले संयुक्तरूपमा उद्घाटन गरेका हुन्।

उत्पादित विद्युत्लाई शैल्यशिखर नगरपालिका-१ बलाचस्थित सवस्टेशनमार्फत राष्ट्रिय प्रसारणमा जोडिएको कम्पनीका प्रबन्ध निर्देशक



सञ्जीव न्यौपानेले बताए। उनका अनुसार रु आठ अर्ब ५० करोड लागतमा ३० महिनामा आयोजना सम्पन्न भएको हो।

### आइसिएफसीको मेहेन्दी कार्यक्रम



**काठमाडौं (प्रस)–** आइसिएफसी फाइनान्सले श्रावण महिनामा विषेश रूपमा मनाइने महेन्दी कार्यक्रम 'मेहेन्दीको महिना, माया र सद्भावले लगाऔँ' भन्ने सन्देश सहित आपसी सद्भाव अभिवृद्धी र मेहेन्दीको रङ जस्तै सम्बन्धहरूलाई गाडा र रंगिन बनाउने अभिप्रायले आफ्ना ग्राहक तथा अन्य महिला दिदीबहिनी माझ मेहेन्दी कार्यक्रम सम्पन्न गरेको छ । फाइनान्सले देशैभरी रहेको विभिन्न २१ वटा शाखाहरूमा उक्त कार्यक्रम सम्पन्न गरेको छ। सबै शाखा कार्यालय परिसरमा संस्थाका ग्राहक महानुभाव लगायत अन्य महिला दिदीबहिनीहरूको उल्लासमय उपस्थितीमा उक्त मेहेन्दी कार्यक्रम सम्पन्न भएको फाइनान्सले जनाएको छ।

भू-क्षय न्यूनीकरणका उपाय अपनाऔं
◆ बस्तीको माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।
◆ घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
◆ नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
◆ जमिन चिरा परेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
◆ भौगोलिक अवस्था विचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं ।
भू-क्षयबाट बचौं र बचाऔं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्सप्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्णबहादुर कार्की, सम्पादक: विष्णु तामाङ